## विप्लवलाई पनि पक्राउ पुर्जी

काठमाडौं । संसदीय व्यवस्थाको विकल्प दिने उद्घोष गर्दै कुनै पनि निर्वाचनमा भाग नलिएको नेत्रविक्रम चन्द विप्लव नेतृत्वको नेकपा माओवादीका गतिविधिका विरुद्ध सरकार खरो रुपमा प्रस्तुत हुन थालेको छ । विप्लव समूहका नेता तथा कार्यकर्ताहरुलाई धमाधम पक्रन र थुन्न थालेपछि पार्टी महासचिव विप्लवले सरकारको घोर भर्त्सना गरेका छन् । विराटनगरको राष्ट्रिय भेलामा भाग लिन जाँदा नेता हेमन्तप्रकाश **बाँकी ८ पेजमा**

जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal Weekly
साप्ताहिक

वर्ष ६ अंक ४५, २०७४ साल फागुन १८ गते शुक्रबार, नेपाल संवत् ११३८ (March. 2, 2018) Website : www .greaternepal .com .np मूल्य रु. १० ।-

## लालबाबुले देशभरिको प्रदूषण नाप्ने

काठमाडौं । वातावरण मन्त्री लालबाबु पण्डितले बुधबार रत्नपार्कस्थित प्रदूषण मापक यन्त्रको अवलोकन गरी काठमाडौंको प्रदूषणको बारेमा जानकारी लिँदै प्रदूषण नियन्त्रण गर्न आफूले प्रयास गरिरहेको बताएका छन् ।

काठमाडौं उपत्यकाकाको प्रदूषणको मुख्य कारक सवारी साधनबाट निस्कने धूलो र धूवाँ भएकाले यसमा नयाँ प्रविधिका सवारी साधन भित्र्याउने मन्त्री पण्डितको योजना रहेको बताएका छन् । प्रदूषण मापन यन्त्रहरु पहिला चेकजाँच गर्ने र देशभरिको प्रदूषण मापन यन्त्र राख्न लाग्ने खर्चको एकिन गरिनेसमेत उनले बताएका छन् ।

# भारतीय रोडम्याडमा ओली सरकार ?

काठमाडौं । भारतीय नाकाबन्दीका अघि घुँडा नटेकी उत्तरी ड्रागनसँग ऐतिहासिक पारवहन सम्झौता गरेर भारतवेष्ठित नेपाललाई भूजडित अवस्थामा रुपान्तरित गरी अब्बल राष्ट्रवादी छवि बनाएर चर्चाको शिखरमा पुगेका प्रधानमन्त्री केपी ओली दोस्रो पटक फागुन ३ मा देशको ४१ औं प्रधानमन्त्री बनेपछि भारतसामु लर्खराउन थालेका छन् ।

विगतमा देश विखण्डनका हर्कतविरुद्ध खबरदारी गर्दै आएका ओली अहिले एक मधेस एक प्रदेशको आधार तयार गर्ने गरी संविधान संशोधनको आत्मघाती पथमा लम्किन तयार देखिएका छन् । राष्ट्रवादको ओली दुन्दुभीले प्रदेश सभा र संसद दुवैको चुनावमा एमालेलाई मतदाताले देशको पहिलो पार्टी बनाइदिए । माओवादी केन्द्रसँग एकता गर्ने गरी वाम गठबन्धन बनाएर सुविधाजनक बहुमत पाएर पनि ओलीले संविधान संशोधन गर्न दुईतिहाई आवश्यक परेका कारण फोरमसँग सहकार्य गरेको विश्लेषकहरुको बुझाइ छ ।

सरकार बनाउन प्रतिनिधिसभाका १३७ सदस्यको आवश्यकता पर्छ । संसदको २७५ सदस्यमध्ये १७४ अर्थात् ६३ दशमलव २७ प्रतिशत मत वामगठबन्धनको छ । दुईतिहाई नजिक मत भएर पनि १६ सिटे फोरमलाई सरकारमा ल्याउनु दुईतिहाईको गणितीय हिसाब





मिलाउनु नै हो । संघीय समाजवादी फोरमले संविधान जारी भएसँगै संशोधनको वकालत गर्दै आएको छ । उपेन्द्र यादव तिनै व्यक्ति हुन् जसले माइतीघर मण्डेलामा अन्तरिम संविधान २०६३ जलाएर तराईमा हिंसात्मक वारदात मच्चाएका थिए । गौरमा दर्जनौं माओवादी कार्यकर्ताहरुको हत्या गर्दै तराईबाट पहाडिया खेदाउने जातिवादी आन्दोलनको नेतृत्व गरेका थिए । हजारौं पहाडी मूलका नागरिकहरुले तराईबाट पलायन हुनुपरेको थियो । फोरमको त्यो आन्दोलनको नेपथ्यमा भारतीय खुफिया एजेन्सी रअको मुख्य भूमिका थियो । तराई आन्दोलनको मुख्य मकसद अन्तरिम संविधानमा संघीयता घुसाउनु थियो । नेपाललाई सधैं अस्थिर बनाइराख्ने र त्यसमा आफू खेलिरहने भारतीय संस्थापन पक्षको अभिस्टतालाई तत्कालीन कांग्रेस सभापति समेत रहेका प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले वैधता प्रदान गरिदिए । पार्टीमा संघीयताका बारेमा कुनै पनि छलफल नै नगरी अन्तरिम संविधान संशोधन गर्दै संघीयतालाई लिपिबद्ध गरियो । अहिले मुलुक संघीयताको कस्टप्रद यात्रामा लम्किन खोज्दैछ ।

संघीयताको भविष्यमाथि अहिलेदेखि नै अनिष्टका काला बादलहरु मडारिन थालेका छन् । निर्वाचित प्रतिनिधिहरुको सेवा सुविधामा वृद्धि लगायतका स्वार्थपूर्ण प्रदेशसभाका कार्यहरुले संघीयताको व्यवस्थापन पेचिलो बन्दै गइरहेको छ । संघीयतालाई विकासको जादु छडिका रुपमा प्रचार गरेर जसरी संघीयतामा मुलुकलाई होमियो त्यसले देशलाई नै क्षतविक्षत बनाउने खतरा बढ्दै छ । तराई आन्दोलनका बेला गिरिजा कोइरालाले मधेसी मोर्चासँग गरेको २२ बुँदे सम्झौता कार्यान्वयन हुनुपर्ने माग फोरमले फेरि उठाएको छ । जसमा एक मधेस प्रदेशको बुँदासमेत समेटिएको छ ।

फोरमले उठाएको मुख्य मागमध्ये संविधानको धारा २७४ उपधारा ७ संशोधन हो । कुनै पनि प्रदेशको सीमा फेरबदल गर्ने गरी संविधान संशोधन गर्दा प्रदेशसभाले समेत स्वीकृत गर्नुपर्ने प्रावधान छ यस धारामा । बहुमत प्रदेशसभाको समेत समर्थन चाहिने प्रावधानले प्रदेशको सीमा फेरबदल हुन नसक्ने भएकाले यसलाई संशोधन गर्न खोजिँदैछ । तराईलाई पहाडी जिल्लाबाट अलग गर्न प्रचण्ड नेतृत्वको सरकारले संविधान संशोधनको प्रस्ताव दर्ता गराएको थियो । पछि देउवा सरकारले परिमार्जनसहित संशोधन प्रस्ताव संसदमा छलफलमा लग्यो । तर एमालेले त्यस प्रस्तावलाई तुहाइदियो । संविधान संशोधनबिना निर्वाचनमै नआउने मधेसी दलहरु भारतीय दुतावासको मन्त्रणापछि दोस्रो चरणको प्रदेश र संसदको निर्वाचनमा सहभागी भए । राष्ट्रिय जनता पार्टी बनाएर चुनावमा होमिएका मधेसी नेताहरुले प्रदेश नं. २ मा भने पकड कायम गर्न सफल भए । निर्वाचनमा फोरमले राजपासँग गठबन्धन बनाएको थियो । फोरम र राजपा गठबन्धनले वीरगन्ज, जनकपुर जस्ता महत्वपूर्ण सहरहरुमा वर्चस्व देखायो भने २ नं. प्रदेशमा प्रदेश सरकार नै गठन गर्‍यो । बाँकी ६ प्रदेशमा वाम गठबन्धनकै सरकार छ अहिले । तर यति भएर पनि प्रधानमन्त्री ओलीले दुईतिहाई पुर्‍याउन फोरमलाई सरकारमा सहभागी गराएका छन् ।

दुईतिहाई पुर्‍याएर पाँच वर्ष वाम गठबन्धनको सरकार अविचलित रुपमा कायम राखेर आर्थिक विकास गर्ने लक्ष्य राखिएको गोयबल्स शैलीमा प्रचार गरिँदैछ । वामपन्थीहरुको मात्र सरकार हुँदा अन्तर्राष्ट्रिय सन्देश राम्रो नजाने, पश्चिमा पुँजीवादी मुलुकहरुले वाम सरकारलाई आर्थिक सहयोग नगर्ने भयले पनि फोरमलाई सरकारमा ल्याएको एकथरी विश्लेषकहरुको बुझाइ छ । उपेन्द्र यादव स्वयं वामपन्थी पृष्ठभूमिबाट आएका व्यक्ति हुन् । माले, एमाले, माओवादी हुँदै मधेसी मसिहाको पहिचान बनाएका हुन् ।

संघीय समाजवादी फोरमका अन्य पहाडे मूलका नेताहरु पनि प्रायशः वामपन्थी राजनीतिबाटै उदाएका छन् । अशोक राई, राजेन्द्र श्रेष्ठ हुन् या आङकाजी शेर्पा यी सबै एमाले छोडेर पहिचानका नाममा जातीय राजनीति गर्दै आएका छन् । तर विडम्बना आफ्नै जातकाले यिनीहरुलाई विश्वास अहिलेसम्म गरेका छैनन् । चुनावमा उठ्छन् जमानत जोगाउँदैनन् । जनताले विश्वास नगरेका यस्ता अनुहारहरुलाई दुईतिहाईका नाममा सत्तासीन गराउनु उपयुक्त पक्कै होइन । **बाँकी ८ पेजमा**

## अटेरी कर्मचारीलाई अर्बौंको बम्पर

काठमाडौं । स्थानीय तह र प्रदेश सरकार कर्मचारी अभावको गम्भीर समस्यामा परेका छन् । गाउँघरमा सिंहदरबार भने तापनि सिंहदरबार गाउँ पुर्‍याउने काममा निजामती कर्मचारीले सरकारलाई पूरै असहयोग गरेका कारण स्थानीय तह र प्रदेश सरकारले काम गर्न सकिरहेका छैनन् ।

कर्मचारीको अभावले गम्भीर समस्या निम्तिएको भन्दै प्रदेश नं. २ का मुख्यमन्त्री लालबाबु राउतले प्रधानमन्त्रीको ध्यानाकर्षण गराउँदै पत्र लेखेका छन् । प्रदेश ३ का मुख्यमन्त्री डोरमणि पौडेलले पनि कर्मचारीको अभावमा काम गर्न नसकेको गुनासो पटक पटक गर्दै आएका छन् । कर्मचारी अभावको समस्या सबै प्रदेशमा उत्तिकै खड्किरहेको छ । स्थानीय तहको निर्वाचन भएको लामो समय बितिसक्दा पनि कर्मचारी अभावमा कार्यालयहरु व्यवस्थित हुन सकेका छैनन् । एउटै वडासचिवले सिंगो गाउँपालिकाका वडाहरु हेर्नुपर्ने अवस्था छ भने कार्यकारी अधिकृतको अभावमा निमित्तका भरमा स्थानीय तहहरु सञ्चालन भइरहेका छन् ।

उता खटाएका ठाउँमा नजाने कर्मचारीहरुलाई सरकारले पैसाको धोक्रो बोकेर घर जाने बम्पर उपहार खोलिदिएको छ । 'चोरलाई चौतारो' भन्ने एउटा उक्ति नै छ । कामचोर कर्मचारीलाई स्वेच्छिक अवकाशको अवसर दिएर सरकारले १५ अर्ब रुपैयाँ जतिको भारी बोकाएर बिदा गर्ने तयारी गरेको छ । कामै नगरी सात वर्षको एकमुष्ठ सुविधा र त्यसपछि **बाँकी ८ पेजमा**

## सिरियामा चरम मानवीय संकट



काठमाडौं । हालै सिरियाको गौटा क्षेत्रमा भएको आक्रमणमा परी चार सयभन्दा बढी सिरियाली नागरिकको ज्यान गएपछि विश्वले बसर अल असद सरकारको घोर भर्त्सना र आलोचना गरेको छ । सन् २०११ बाट सिरियामा गृहयुद्ध भएयता युद्धविरामका लागि गरिएका ११ वटा प्रस्तावलाई सिरियाली असद सत्ताको सहयोगी रुसले अस्वीकार गरेको छ । गत शनिबारमात्र संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्ले सिरियामा एक महिने युद्धविराम प्रस्ताव पारित गरेको छ । रुसले सुरक्षा परिषद्मा असद कदमको बचाउ गर्दै आएको छ । हालै संयुक्त राष्ट्रसंघीय मानव अधिकार उच्चायुक्त जेइद राद अल हुसेनले भनेका छन्- जुन तरिकाले सिरियामा युद्ध र हिंसा भइरहेको छ, मानवीयताका लागि यो अत्यन्तै लज्जास्पद छ । यस संकटको समाधान हुन नसक्नुले विश्व कूटनीतिको सबैभन्दा ठूलो असफलतालाई पुष्टि गरेको छ ।

सरकारी सेनाको कारबाहीमा निर्दोष ज्येष्ठ नागरिक र बालबालिकाको आम नरसंहार भइरहेको छ । पूर्वी गोटामा पनि सयौं बालबालिका मारिएका छन् । त्यहाँ भइरहेको युद्धका कारण प्रभावित मानिसका हृदयविदारक तस्बिरहरु सञ्चारमाध्यम र सामाजिक सञ्जालमा भाइरल भइरहेका छन् । **बाँकी ८ पेजमा**

## मालेको आपत्ति



नेकपा मालेका महासचिव सीपी मैनालीले एक प्रेस विज्ञप्ति जारी गरी सर्वोच्च अदालतले प्रेस स्वतन्त्रतामाथि अंकुश लगाउन खोजेको प्रति ध्यानाकर्षण भएको बताउनुभएको छ । मैनालीद्वारा हस्ताक्षरित विज्ञप्तिमा भनिएको छ- 'सुसूचित हुन पाउने संवैधानिक अधिकारलाई कुण्ठित गर्ने गरी सर्वोच्च अदालतको प्रधान **बाँकी ८ पेजमा**

## फेरि भारतीय अतिक्रमण

काठमाडौं । नेपालको सीमा पटक पटक अतिक्रमण गर्दै आएको भारतले दार्चुलाको उत्तरी क्षेत्रमा फेरि पुल र बाटो बनाउँदै अतिक्रमणको प्रयास थालेको छ । व्यास गाउँपालिका २ ताम्पाकु घाट बगर र दोपखे क्षेत्रमा तीन वटा काठे पुल र बाटो बनाएको जानकारी स्थानीय जनताले दिएका छन् । भारतले बनाएको पुल तथा बाटोसम्बन्धी विस्तृत समाचार विभिन्न राष्ट्रिय दैनिकहरुमा समेत प्रकाशित भएका छन् । भारतले काठे पुल बनाएर नेपाली भूमितर्फ बाटो बनाएको ठाउँमा बस्ती छैन । उक्त ठाउँबाट चार घन्टाको दूरीमा मात्र नेपाल प्रहरीको पोस्ट रहेको छ ।

पानीको बहाव न्यून भएको कारण महाकाली नदीमा काठे पुलको प्रयोग गरिएको छ । जिल्ला प्रहरी कार्यालय दार्चुलाले पनि भारतले काठे पुल र बाटो बनाएको खबर पाएको जनाएको छ । भारतले महाकालीको पश्चिम किनारबाट लिपुलेक जोड्ने बाटो बनाइरहेको छ । सडक निर्माणका कारण लखनपुरदेखि बुँदीसम्मको २५ किलोमिटर क्षेत्रमा बाटो अवरुद्ध बन्न पुगेको छ । महाकाली पश्चिमतर्फको निर्माणाधीन बाटो अवरुद्ध भएपछि नेपालतर्फबाट बाटो निर्माण गरी निर्माण सामग्री उपकरण लाने योजनाअनुरुप नेपालतर्फ बाटो बनाएको स्थानीय जनता बताउँछन् ।

भारतले नेपाली पक्षलाई कुनै जानकारी नदिई आफूखुसी ढंगले ताम्पाकु र लखनपुर, घाट बगर र माल्पा तथा दोपखे र लायरी जोड्ने पुल बनाएको र त्यही क्षेत्रमा बाटो समेत बनाइरहेको छ । भारतले नेपाली भूमिमा बाटो खनेर सामान **बाँकी ८ पेजमा**

## भारतीय डम्फुको तालमा नेपाली नेताहरू



**नरबहादुर खतिवडा**
सिक्किम विलयका अभियन्ता

तत्कालीन भारतीय प्रधानमन्त्री इन्दिरा गान्धीले हाम्रा नेता लेण्डुप दोर्जे, म र अन्य नेताहरुलाई सम्मान, आदरभाव र उच्च मूल्यांकन गरेको देख्दा यस्तो लाग्थ्यो कि उहाँमा कुनै पनि स्वार्थ छैन । हाम्रो प्रजातान्त्रिक आन्दोलनलाई स्वार्थरहित ढंगले इन्दिरा गान्धीले सहयोग पुर्‍याइरहनुभएको छ तर उहाँको भित्री नियत छलकपट रहेछ । अनेक राजनीतिक दाउपेचसहित जनमतसंग्रह गराएर २६ अप्रिल १९७५ मा सिक्किम भारतको २२ औं राज्य र अभिन्न अंग भएपछि हामी छाँगाबाट खसेजस्तो भयौं । बल्ल इन्दिरा गान्धीको वास्तविक रुप र मिसन थाहा पायौं ।

यो भनाइ हो तत्कालीन स्वतन्त्र सिक्किम राष्ट्रका जल्दाबल्दा नेता लेण्डुप दोर्जे र उनका दाहिने हात मानिने नेता नरबहादुर खतिवडाको । खतिवडा तिनताक सिक्किमका उदीयमान युवा नेताका रुपमा चर्चित थिए । भारतको सर्वोच्च अदालतमा नेपाली टोपी लगाएर वकालत गर्ने एकमात्र नेपाली जातिका वरिष्ठ अधिवक्तामा उहाँमात्र हुनुहुन्छ ।

उहाँ सिक्किमको घटनाक्रमलाई चित्रण गर्दै भन्नुहुन्छ, 'हामीले सन् १९७३ मा प्रजातन्त्र पुनर्वहाली माग गर्दै जनआन्दोलन गरेका थियौं । सिक्किमे जनतालाई अधिकार सम्पन्न बनाउन र साँचो अर्थमा प्रजातन्त्रको स्थापना गर्न जनआन्दोलन गरेका थियौं । हाम्रो आन्दोलनप्रति भारत र विशेष गरी तत्कालीन प्रधानमन्त्री इन्दिरा गान्धीको पूर्ण समर्थन थियो र हामी क्वाटरमा भेट्न जाँदा इन्दिरा गान्धी खाली खुट्टै हामीलाई लिन बाहिर आउँथिन् । उनले गरेको व्यवहार हेर्दा हामी प्रसन्न थियौं । सिक्किममा प्रजातन्त्रको बहाली हुने र प्रजातन्त्र प्राप्तिसँगै सार्वभौमसत्ता सम्पन्न राष्ट्रका रुपमा सिक्किम विश्वको मानचित्रमा रहिरहने विश्वास थियो । किनकि उनले तपाईंहरुलाई प्रजातन्त्र दिलाएर नै छाड्छु भनेकी थिइन् र सोहीअनुरुप उनी गम्भीर र संवेदनशील भएर घन्टौं कुरा गर्थिन् ।

हामीलाई विश्वास थियो, उनको राजनीतिक र आर्थिक सहयोगमा सिक्किमले नयाँ गति लिनेछ । विश्वमा सिक्किमले आफ्नो छुट्टै पहिचान स्थापित गर्नेछ । तर सबै सपना भताभुंग भयो । **बाँकी ८ पेजमा**




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाईं

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सम्पादन सहयोगी
घनश्याम ओली/गोविन्द विक

बजार व्यवस्थापन
रामशरण रिमाल/धर्मराज पौडेल

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

## सम्पादकीय

# वित्तीय अनुशासन कायम राख

ट्रान्सपरेन्सी इन्टरनेसनलको रिपोर्टमा नेपाल विश्वको १२२ औं भ्रष्टाचार हुने राष्ट्रमा सूचीकृत भएको छ । गत वर्षभन्दा नेपालको अवस्थामा केही सुधार देखिए तापनि भ्रष्टाचार बढी हुने मुलुकमै नेपालको स्थान रहेको छ । दक्षिण एसियाको सानो मुलुक भूटानले सुशासनमा राम्रो स्थान बनाएर चीन र भारतभन्दा अब्बल देखाएको छ । भ्रष्टाचारले अर्थतन्त्रको धमिराका रूपमा हाम्रो देशमा लामो समयदेखि जरा गाड्दै आएको छ । पञ्चायतकालमा पनि भ्रष्टाचार हुने गरेको थियो भने २०४६ को परिवर्तनपछि यसले राम्रै ढंगले फुल्ने फल्ने मौका पायो । भ्रष्टाचार र आर्थिक अनुशासनहीनताकै कारण मुलुकको आर्थिक विकास कछुवा शैलीमा अघि बढिरहेको छ ।

आर्थिक पारदर्शिता र सुशासनलाई राम्रो ढंगले अवलम्बन गर्ने मुलुकले विकासको शिखर चढिसकेका छन् । नेपालसँगै योजनाबद्ध विकासको सुरूवात गरेको दक्षिण कोरिया आज सम्पन्न मुलुक बनेर विश्वका विभिन्न मुलुकबाट श्रमिक आपूर्ति गराउने रोजगारदाताको रूपमा उभिन पुगेको छ । सुशासनलाई राम्रोसँग कार्यान्वयन गर्ने सिंगापुर र मलेसियाले पनि विकासको अब्बल दर्जाको नमुना देखाइसकेका छन् ।

हाम्रो देशको दुर्भाग्य नै भन्नुपर्छ प्राकृतिक स्रोतसाधनले सम्पन्न भए तापनि तिनको समुचित परिचालन गरेर देशलाई समुन्नत बनाउन सकेनौं । सात दशकको समयसम्म हामी राजनीतिक स्थिरताकै संघर्ष गर्दै आएका छौं । राजनीतिक अस्थिरताले गर्दा मुलुक नेता उत्पादन गर्ने कारखाना त बन्यो तर मुलुकलाई नेतृत्व प्रदान गर्ने हैसियतको राजनेता जन्मन सकेन । मुलुकमा रोजगारी सिर्जना गर्नुको साँटो भएका उद्योगधन्दा, कलकारखाना बेचेर कमिसन खाने धमिरारूपी नेताहरूले गर्दा नै आदि करोडको हाराहारीमा नेपाली युवाहरू विदेशिन बाध्य बनेका छन् ।

विभिन्न खाले राजनीतिक परिवर्तनसँगै केही हजार व्यक्तिहरू अत्यन्तै धनी बनेका छन् । कुनै स्थायी पेसा, व्यवसायबिनाका व्यक्तिहरू समेत अदृश्य आयस्रोतको बाटो बनाएर सानदार जीवन बाँचिरहेका छन् । दुई चार व्यक्तिहरू एक दशकको अवधिमा नै देशकै धनी बनेका छन् । आर्थिक अनुशासनहीनताको पराकाष्ठ नाघेका उदाहरणहरू बग्रेल्ती भेटिन्छन् । राष्ट्रिय ढिकुटीको करोडौं रकम औषधि उपचारको नाममा नेताले सिध्याउने गरेका छन् । त्यसैगरी राजनीतिक अवस्थाको आधारमा गृहमन्त्रालय र मन्त्रिपरिषद् कार्यालयबाट करोडौं रकम वितरण गरेका समाचार सञ्चारमाध्यममा छताछुल्ल भएका छन् । जतिसुकै ठूलो आर्थिक अपराध गरे तापनि ठूला नेताहरूलाई अख्तियार लगायतका निकायले छुने हिम्मत गर्दैनन् । बरू यस्ता अपराधीले प्रधानन्यायाधीशको कुर्सी नै महाअभियोग लगाएर हल्लाई दिन सक्छन् । राजनीतिको खोलभित्र बसेर कमाउधन्दा सञ्चालन गरिरहेका ठूला नेताहरूको सम्पत्ति छानबिन गरेर दूध र पानी छुट्याउने नगरेसम्म तल्लो तहका झिनामसिनालाई तह लगाउने प्रयास गरेको भरमा मुलुकमा आर्थिक अनुशासन कायम हुन सक्दैन ।

अहिले राष्ट्रिय ढिकुटी खोक्रो भएको अवस्थामा नयाँ सरकारको अर्थमन्त्री बन्दै डा. युवराज खतिवडाले अर्थको तालाचाबी जिम्मा लिएका छन् । राष्ट्रिय योजना आयोगदेखि गभर्नरसम्मको पद धारण गरिसकेका खतिवडा आर्थिक क्षेत्रका विज्ञ मानिन्छन् । अब उनले बिग्रिएको अर्थतन्त्रलाई सही ठाउँमा ल्याउन कस्तो खालको आर्थिक नीति अवलम्बन गर्छन् त्यो छिट्टै देख्न सकिनेछ । विगतमा अर्थतन्त्रबारे जिरो नलेज भएका व्यक्तिहरूले समेत मुडेबलको भरमा अर्थमन्त्रालय चलाएर मन्त्रालयको गरिमा घटाउने काम गरेका थिए । अब अर्थमन्त्रालयको गरिमा बढाउने र देशलाई सम्पन्नताको बाटोमा लैजाने दायित्व खतिवडाका काँधमा आएको छ । आशा गरौं उनको कार्यकालमा भ्रष्टाचार नियन्त्रण र आर्थिक सुशासनले नयाँ मोड दिन सकोस् । मुलुकलाई आर्थिक समृद्धिको बाटोमा लाग्ने मार्ग प्रशस्त हुन सकोस् ।

# तिमीहरूको चिहान खन्न हामी फेरि उठ्दैछौं



**सुरेन्द्र ढकाल**
पोलिटब्युरो सदस्य
(नेकपा माले)

**विना राष्ट्रघातको अन्त्य, विना भ्रष्टाचारको अन्त्य, विना सुशासन देशको आर्थिक विकासले छलाङ मार्न सक्दैन भन्ने कुरा मेलम्ची आयोजना सकिन २५ वर्ष लागेको तथ्यले उजागर गरेको छ ।**

कालो मनि, मसल अनि मिडियाको अन्धाधुन्द प्रयोग गरेर तिमीहरुले चुनाव जित्यौ । एक्लै जनताको अगाडि जान डरायौ । त्यसैले गठबन्धन बनायौ । राष्ट्रवादी र भ्रष्टाचार विरोधी साना दलहरुले चुनाव जित्लान् अनि नेपालको राजनीतिमा आफ्नो एकाधिकार अन्त्य होला भनेर साना दलहरुको चुनाव चिन्ह खोस्यौ तिमीहरुले । अहिलेको राजनीतिको म्युजिकल चेयरका खेलाडी तिमीहरु तल भनिएका कुनै पनि कामहरु गर्न सक्दैनौ भन्ने कुरा त्यो घामजत्तिकै छर्लंग छ ।

१) भारतले लगातार अनियन्त्रित तरिकाबाट नेपाली सीमा मिचेको छ । अन्तर्राष्ट्रिय कानुन विपरीत दशगजा क्षेत्रमा निर्माण कार्य संचालन गरी नेपाली भूमीलाई जलमग्न बनाएको छ । सीमा नाघेर वारि आई निर्दोष नेपाली जनतालाई मारेको छ । मातृभूमिको यत्रो बलात्कार हुँदा तिमीहरु चुँ...सम्म गर्दैनौ भने तिमीहरु को हौ ? नेपाललाई सिक्किम बनाउन राजनीति गरेका होइनौ भन्ने तिमीहरुसँग केही प्रमाण छ ? अन्तरिष्ट्रिय कानुन, नेपालको संविधान र २१ औं शताब्दिमा उपनिवेश राख्न नपाउने अन्तर्राष्ट्रिय महासन्धिअनुरुप टिस्टा काँगडा क्षेत्र नेपालको हो भन्ने आँट छ तिमीहरुसँग ? छ भने मदन भण्डारी जस्तो बोलेर देखाओ । होइन भने अव तिमीहरुको चिहान हामी खन्छौं । तयार भएर वस तिमीहरु विरुध्दको युद्ध जारी छ ।

२) तिमीहरु हिजो चप्पल लगाएर भिखारी पाराले काठमाडौं छिरेका हौ । तिमीहरुको आर्थिक हैसियत कस्तो थियो, त्यसको नालीबेली हामीले राखेका छौं । कमिसनखोर र भ्रष्ट राजनीति गरेर तिमीहरुले काठमाडौंमा अरबौंको सम्पत्ती जोडेका छौ । त्यसको पनि हामीसँग राम्रो लेखाजोखा छ । हिजो इराकमा १० जना नेपाली मारिँदा म्यान पावर कम्पनीका हेड क्वाटर ध्वस्त भएका थिए । सम्पत्तीको स्रोत देखाउन सकेनौ भने अब जनताले ध्वस्त गर्ने भनेको तिमीहरुको सम्पत्ती हो । यो पनि जानी राख्दा राम्रो होला । तिमीहरुको प्रयास काला धनलाई सेतो बनाउने हुनेछ । चोरको खुट्टा काटभन्दा तिमीहरु आफ्नो खुट्टा थुतिरहेको नेपाली जनता सधैं टुलुटुलु हेरेर बस्ने छैनन् । संविधानसँगै राजनीतिक मुद्दाले निकास पाएको छ अब लड्ने भनेको तिमीहरुले गरिराखेको भ्रष्टाचारको विरुद्ध हो ।

३) विना राष्ट्रघातको अन्त्य, विना भ्रष्टाचारको अन्त्य, विना सुशासन देशको आर्थिक विकासले छलाङ मार्न सक्दैन भन्ने कुरा मेलम्ची आयोजना सकिन २५ वर्ष लागेको तथ्यले उजागर गरेको छ । तिमीहरु कति असक्षम छौ भन्ने ज्वलन्त उदारहण पनि हो मेलम्ची । कमिसनखोरमा पल्केर धन कमाउन सिपालु भएका तिमीहरुले चुनावताका जनतासमक्ष हावाका सपनाहरु बाँडेका छौ अब त्यसलाई यथार्थमा बदल्न तिमीहरुको बुताले भ्याउँदैन, अनि भनेको तिमीहरुले आफूलाई जनताको अगाडि चरिनंगा बनेर देखाउने हो । त्यसबेला त्यो नांगो शरीरमा कोर्रा बर्साउन हामीले आफू र नेपाली जनतालाई तिखार्दैछौं । तयार हुनु अब अन्तिम लडाइँका लागि ।

४) विकास त्यहाँ हुन्छ जहाँ राम्रा मान्छे हाम्रा हुन्छन् । तिमीहरु त हाम्रा मान्छे राम्रा हुने कुरामा विश्वास गर्छौ । समानुपातिकमा आफ्नै स्वास्नी, साली, बुहारीहरुलाई सांसद बनाएको नेपाली जनताहरुले देखिराखेका छन् । अब मन्त्री पनि तिनै वन्ने हुन जो संग काम गर्ने अनुभव, दक्षता र सीपको खडेरी छ । यो जहानिया गणतन्त्र कुनै दिन जहानिया शाहीतन्त्रभन्दा झनै खतरनाक रहेछ भनेर जब नेपाली जनताले बुझ्ने छन्, त्यतिखेर दक्षिणतिर भागेर ज्यू, ज्यान अनि सम्पत्ती जोगाउनसम्म सक्नेछैनौ तिमीहरुले ।

होस गर तिमीहरुको चिहान खन्न हामी फेरि उठ्दैछौं । हाम्रो अन्तिम युद्ध जारी छ । चौथो क्रान्ति सम्पन्न हुँदा तिमीहरुको चिहानको बास हुनेछ ।

# उन्नतितिर डोऱ्याउने हो भने



**जगदीश लामिछाने**
रौतहट, पौराई

हामीहरुको सबभन्दा दुःखदायी कुरो सत्ता अर्थात् सम्पत्ति सुविधा पक्षपाती उपभोग नै रह्यो । पश्चिममा सत्ता बाँडेको हावा काठमाडौंसम्म पुगी ३ सहर ३ राज्य भए । उता बाईसे चौबीसे त प्रख्यातै छँदैछन् । दशौं एघारौं शताब्दीमा स्वयम्भूमा आक्रमण हुँदा धेरै मान्छेहरु हताहत मात्र भएनन् काठमाडौंलाई नै करद गराई गएका नुवाकोट देवीस्थानमा दीपदान गर्दा धातुमै आफ्नो नाम लेख्नेले निकै समय काठमाडौं बस्ने र लुम्बिनी पुगी अशोक स्तम्भमा 'रिपु मल्लो चिरं जयतु' लेख्नेहरु नै कमजोर भएको पक्षपातपूर्णता आफैंले सत्ता बाँडेरै हो । त्यो भ्रष्टाचारै थियो । यसैले डोटीका माण्डो अर्थात् मन्दिरको काष्ठमण्डपमा सम्बन्ध नहुने कुरै भएन ।

रानीपोखरी तथा इन्द्रचोक मात्र होइन पश्चिमकै बुद्धमूर्तिमा नेपाली भाषा पाइँदा मात्र होइन गोपाली, राजोपाध्याय तथा नुवाकोटे ठकुरीको पनि याद गरिएन र विभिन्नतातिर मात्र गइयो । यसैले धेरै दुःख पाइयो । तैपनि यो क्षेत्रले हरेस खाएनछ ।

थोरै शिक्षा पनि अमूल्य ज्ञान भएर मुसाई अर्थात् मुगल प्रभाव कम परेको हुनाले मोतीराम कविले नै भने-

*'यवनले राज गर्दा कति पतित हिन्दुस्थल भयो ।*

*फगत यो नेपालको मुलुक बची कञ्चन रहिगयो ।'*

कालिदासले पनि संस्कृतमा हिमालयको गुण नै गाए- कैलाश मानसरोवरको महत्व वैदिक ऋचाहरुमै र पुराणहरुमै छ । यसैले श्री ५ पृथ्वीनारायणले पनि असली हिन्दुस्थाना नै भने । त्यही सत्तामा पक्षपात गरी भाइहरुमा नबाँड्दा श्री ५ पृथ्वी प्रख्यात र सत्ताहरुमा भ्रष्टाचार गरेर पहिले बाइसी चौबिसी र पछि राणा आदिले आफूले पनि दुःख पाए अरुलाई दुखै दिए ।

दुःखसाथ भन्नुपर्छ वर्तमान प्रजातान्त्रिक व्यवस्थामा समेत दलहरु कांग्रेस कम्युनिस्ट सबै नै सत्ता अर्थात् सम्पत्ति र सुविधा पक्षपाती भएरै आफन्तमै मात्र बाँडीचुँडी खाने गर्न लागिरहेपछि भ्रष्टाचार त हुने नै भयो । राजाहरुले शोषण गरे भन्नेहरु नै आफैं शोषक भए कि भएनन् ? न्याय मरेपछि नै हो राणाले भीमशमशेर मारी झ्यालबाट खसाएर जुद्धशमशेर आएका होइनन् र ? अहिले विभिन्न देशहरु अघि सारी आइएनजीओ खोल्ने दलहरु नै पक्षपातका पर्याप्त भई भारत तथा चीनसम्ममा पनि एउटा खुला एउटा बन्धनमा राख्ने होइन । यी देशलाई समान नियमको परराष्ट्र नीति हामीले नराखेकै हुनाले सो सट्टा हामीलाई दुःख दिन पालो पर्खेका छन् । सत्ता सुख मैमात्र भोग्नुपर्छ भनी रहेछन् । न्यायको विचार गरेकै छैनन है भन्नु परेको छ । आफ्नै देश नेपाल हिमवत खण्डमै यस्तो विभेद भएपछि भ्रष्टाचार नभए के हुन्छ त विदेशहरुबाट ?

पहिले शिक्षा कम भए पनि मूल्यवान हुन्थ्यो । जनता त्यसैले गुणी हुन्थे । अब शिक्षा र शिक्षितहरु बढे पनि विकृति बढेर संसारमा लडाइँ झगडा बढिरहेको हो । यसैको उपचारको सर्वप्रथम हामीले शिक्षामै सुधार गरेपछि समानताको अपनत्व बढेरै जान्छ । अतः तलका केही मनमा लागेका शिक्षासम्बन्धी दुईवटा दफा राखेर बिट मारौं-

(१) हाम्रो शिक्षामा व्यावहारिक रुपमै परार्थ हितसहित आफ्नो हित अर्थात् नैतिकता समावेश गर्न बेवस्था गर्नाले र बजारु विभिन्न देशका नक्कलको मात्र नयाँ शिक्षामा व्यवस्था गरिँदा सम्पूर्ण प्रारम्भिक अर्थात् माध्यमिक स्तरमा त्रुटि रहिरहेको हो । त्यसमा संस्कृत समेत अनिवार्य गर्नुपर्ने धेरै पहिले खड्केकै विषय हो । विशिष्टताका लागि संस्कृत विश्वविद्यालयमा सर्वजातीयता पनि नाम मात्र रहेको छ । नेपाल संस्कृत विश्वविद्यालयमा दलहरुले आफ्ना लठैत पाली मात्र राख्ने परम्परा समेत हटाइ विश्वविद्यालय हित मात्र समावेश गरौं ।

(२) शिक्षामा व्यावहारिकता दोस्रो अनिवार्य विषय हो । त्यसैले प्रत्येक माध्यमिक विद्यालय सक्नेले गरिखाने र कमाउने मेसोको लागि प्राविधिक शिक्षा राम्ररी नचलाउने कुनै पनि विश्वविद्यालयलाई स्वीकृत दिनै भएन ।

एउटा विश्वविद्यालयले अर्कालाई हस्तक्षेप गरिरहने बानी हटाउन उनीहरुलाई आफ्नो शिक्षा समानान्तर तथा प्रतियोगितात्मक रुपमा अझ सकिन्छ भने अन्तरिष्ट्रिय व्यक्तित्व आकर्षण गर्ने गरी चलाएपछि मात्र नेपाल सरकारले प्रोत्साहन गर्ने र त्यस्तो नगर्नेलाई चेतावनी र सजायको व्यवस्था समेत छाता ऐनमा हुनुपर्छ ।

## अबको क्रान्ति : पर्यावरणीय (खण्ड २)

**सुदर्शन प्रधान**

# वागीश्वरी संरक्षण सङ्घर्ष : संक्षिप्त सिंहावलोकन (७)

इपनको मत थियो– यहाँ वागीश्वरीको मन्दिर निर्माण गरिनुपर्छ र त्यसवरिपरि केही धर्मशालाहरू बनाइनुपर्छ । अरू पक्का, कच्चा भवनहरूलाई राष्ट्रिय अभिलेखालयको शाखा तथा सङ्ग्रहालयको रूपमा निर्माण र विकास गरिनुपर्छ । जुन कुराले यहाँ वन अतिक्रमण रोकिनेछ, वन्यजन्तु र पक्षीहरूको संरक्षणमा सहयोग पुग्नेछ । यसबाट वागीश्वरीजस्तो पुरातात्त्विक क्षेत्रको संरक्षण हुनुका साथै अरू चौतर्फी सकारात्मक परिणामहरू निक्लनेछन् ।

जहाँसम्म योगी नरहरिनाथ आश्रम र संस्कृत विद्यालयको कुरा हो, त्योचाहिँ देवघाटका अन्य कुनै पनि क्षेत्रमा राख्न सकिन्छ । बरू त्यसका लागि सम्बन्धित निकायले जमिन उपलब्ध गराउन सक्छ । आयुर्वेद विद्यालयबारे पनि भन्ने हो भने यस प्रकारको विद्यालय आज मुलुकलाई अति खाँचो छ । किनकि 'एलोपेथिक' उपचारको प्रभावले राष्ट्रको अरबौं रूपैयाँ बाहिर गइरहेको छ, वातारण र मानवस्वाथ्यलाई पनि उत्तिकै हानि पुगिरहेछ ।

वातावरण, मानवस्वास्थ्य र आर्थिक हरेक दृष्टिले आयुर्वेद उपचार पद्धति अत्यन्त उपयुक्त कुरा हो । यस सम्बन्धमा सरकारले विशेष नीति तयार गर्नुपर्छ । यसमा जनताको प्रयासले पनि महत्त्वपूर्ण कुराको थालनी गर्न सक्छ तर त्यसका लागि संवेदनशील तथा विवादास्पद क्षेत्रमा विद्यालय निर्माण गर्ने कुरा गर्दा बुद्धिमानी हुँदैन ।

**९. नयाँ सरकारको पुरानो कदम**

२०५२ भदौ महिनामा एमाले सरकार विघटन भई त्रिपक्षीय (काङ्ग्रेस, राप्रपा र सद्भावना) सरकार गठन भएपछि शिक्षा तथा संस्कृति मन्त्री फेरि पनि उही गोविन्दराज जोशी नै बने, जसले मेडिकल कलेज सम्बन्धमा एमाले सरकारको नीति बदर गरी पुनः उही पार्टीलाई वागीश्वरीको जङ्गल उपलब्ध गराए । त्यसपछि बदनाम जी. कुन्डा कलेजका अरू व्यवस्थापकहरूसँग मिल्न नसकेको वहाना पारी कलेजसँग सबै सम्बन्ध विच्छेद गरी हिँडेको प्रचार गरियो । सम्भवतः कलेजको मूल खलनायक अरू नै हुन सक्ने सम्भावना पनि देखियो । जसले जी. कुन्डाजस्ता मान्छेहरूलाई राम्रो हतियार बनाउँछन् र बदनाम भएपछि त्यस्तो व्यक्तिलाई हटाएर नयाँ कारिन्दा नियुक्त गर्छ ।

थुप्रै जालझेल र षड्यन्त्र गरेर स्थापित उक्त मेडिकल कलेजले स्वदेशी र विदेशी विद्यार्थीहरूबाट दसौं करोड रूपैयाँ उठाएर कक्षा सञ्चालन गरेको थियो तर यस कलेजको भविष्यमाथि प्रश्नचिह्न लागेपछि प्रायः सबै विद्यार्थीहरू लाखापाखा लागे । अनि केही महिनापछि अस्थायी नियुक्ति पाएझैं यस कलेजले शिक्षामन्त्रीको टेवा पाएर पुनः निर्माण कार्य थाली कक्षा सञ्चालन गरिरहेको थियो तर सर्वोच्च अदालतको फैसला वागीश्वरीमा विषालु नङ्ग्रा गाड्ने देशीविदेशी तत्त्वहरूविरूद्ध भएपछि मेडिकल कलेजमा भूकम्प गयो ।

**१०. आजको आवश्यकता**

वागीश्वरीको संरक्षण र संवर्द्धनको नीति अथक् र अनवरत रूपले सङ्घर्ष गर्नेहरूका लागि २०५४ वैशाख १७ गते सर्वोच्च अदालतले गरेको जनप्रीय फैसला ठूलो राहत बनेको छ । तथापि यस सम्बन्धमा अरू सतर्क हुनु आवश्यक छ । किनकि लामो समयदेखि मुलुकका अधिकारसम्पन्न व्यक्तिहरूमा नैतिकताको खडेरी छाउँदै आएको पाइन्छ ।

यसको मूल कारण मुलुकको आर्थिक, राजनीतिक, सामाजिक र सांस्कृतिक, अझ दार्शनिक रूपले पतनोन्मुख सामाजिक संरचना हो । देवघाट-वागीश्वरीका पर्यावरणीय, ऐतिहासिक र धार्मिक सम्पदाहरूको संरक्षण र संवर्द्धन गर्न 'अधिकारसम्पन्न देवघाट क्षेत्र विकास समिति' ले विशेष कदम चाल्नुपर्ने देखिन्छ ।

वागीश्वरीमा अब के गर्ने ? सर्वत्र यो प्रश्न उठिरहेछ । आधिकारिक निकाय देवघाट क्षेत्र विकास समितिले यहाँका सबै भवनहरू उपयोगमा आउने गरी उपयुक्त योजना बनाउनुपर्छ । देवघाट-वागीश्वरी भनेको राष्ट्र र जनताको गरिमापूर्ण स्थल हो । जुन स्थलको चौतर्फी उन्नति र प्रगति सबैले आफ्नो नैतिक र भौतिक दायित्व मान्नुपर्छ ।

यहाँ विविध क्षेत्रबाट विविध रूपले भइरहेको अतिक्रमण तुरून्तै रोक्नुपर्छ । यसका लागि आवश्यक परे सम्पूर्ण देवघाटप्रेमीहरू पुनः सङ्घर्षको मैदानमा उत्रनुपर्छ अनि देवघाट क्षेत्र विकास समितिको गठन र स्वरूपमा परिवर्तन ल्याउनुपर्छ । सो समितिको आन्तरिक र बाह्य वातावरण स्वच्छ र स्वस्थ्य नभई देवघाट-वागीश्वरीका यावत् कुराहरूको निर्माण र विकास पनि राम्ररी हुन सक्तैन ।

# मैले देखेको पैंतीसौं विश्व सम्पदा : फ्रान्सको कोलमार सहर

सुरेन्द्र ढकाल



काठको फ्रेममा बनाइएका कलापूर्ण घर



सानो भेनिसको रूपमा कोलमार यस्तो देखिन्छ



सहरको केन्द्रमा रहेको माइसन फिस्टर भनिने कलात्मक घर



कोलमार सहरभित्रको सेन्ट मार्टिन चर्च



कोलमारमा सुरेन्द्र सन् १९८९ मा



मार्टिन चर्चभित्रको सोनगावर रोज गार्डेन पेन्टिङ



सहरभित्रका मूर्तिसहितका फोहरा

जर्मन बस्ती तर देश चाहिँ फ्रान्स भएको एल्सासको स्ट्राससवुर्ग सहर र त्यहाँको जर्मन क्याथेड्रल हेरेपछि हामी एल्सासको अर्को जर्मन सहर कोलमारतर्फ लाग्यौं । यी दुवै सहर हाम्रो काठमाडौं भक्तपुर भनेजस्तै युनेस्कोको विश्व सम्पदा सूचीमा रहेका छन् । सिंगै सहर नै म्युजियम मानिदो रहेछ । कोलमार विश्वप्रख्यात हुनुको पछाडि यहाँको कलापूर्ण पुरानो सहर हो । यसलाई एल्सासियन अंगुरको रक्सी (वाइन) को राजधानी पनि भन्दा रहेछन् । कोलामार सहरको स्थापना क्रिश्चियन धर्मगुरु नोट्क वाल्वुलुसले सन् ८२३ मा गरेका रहेछन् । यो सहरलाई जर्मन सम्राट फ्रेडेरिक दोस्रोले सन् १२२६ साम्राज्यको स्वतन्त्र सहर (फ्री इम्पेरियल सिटी) दर्जा दिएका रहेछन् ।

सन् १५७५ मा यो सहरले प्रोटेस्टेन्ट धर्म अँगालेको रहेछ र सन् १६३२ मा सुरु भएको ३० वर्षे धर्मयुद्धताका यो सहरलाई स्वेडिसहरुले आएर कब्जा गरेका रहेछन् । सन् १६७३ का फ्रेन्च सम्राट लुई १४औंले यो सहर जितेर फ्रान्समा गाभेका रहेछन् । तर सन् १८७१ को फ्रान्को प्रसियन युद्धमा जर्मनको जित भएपछि यो सहर जर्मनको अधिनमा गएको रहेछ तर पहिलो विश्वयुद्धपछि भएको सन् १९१९ को भर्साइको सन्धिपछि फेरि यो सहर फ्रान्सकै अधिनमा गएको रहेछ जसलाई हिटलरको नाजी फौजले जितेर सन् १९४० मा यस सहरलाई फेरि जर्मनीमै फिर्ता ल्याइयो तर दोस्रो विश्व युद्धमा फेरि जर्मनको हार भई हिटलरको पतन भएपछि कोलमार फेरि फ्रान्सको अधिनमा गयो ।

फ्रान्सको राज्यक्रान्ति अनि सन् १८७०।७१, १९१४।१८ र १९३९।४५ का युद्धहरुबाट जोगिएको यो सहर विश्व पर्यटकीयस्थल मानिन्छ । यसलाई सानो भेनिस भनेर पनि चिन्दछन् । यहाँको दर्शनीयस्थलमा माइसन फिस्टर नामक कलात्मक घर, सेन्ट मार्टिन चर्च, मार्टिन सोनगावरको रोज गार्डेन, बार्टहोल्डीको म्युजियम र वाटर टावर आदि पर्दछन् । भोस्जेस पर्वतबाट ल्याएको पहेलो गुलाफी रंगको चुन ढुंगा र त्यहाँको जंगलको काठको फ्रेम जोडेर बनाइएका घरहरुले कोलामारलाई संसारकै कलापूर्ण सुन्दर सहर बनाएको रहेछ । त्यसैगरी सन् १३६५ मा नै बनिसकेको सेन्ट मार्टिन चर्च र यसका झ्यालको सिसामा गरिएका कलाकारिता, यहाँभित्रका पुनर्जागरण कालका मूर्तिहरु गोथिक शैलीका गजुरहरु पर्यटकहरुलाई लोभ्याउने सम्पदाको रुपमा स्थापित रहेछन् । त्यसै गरी बार्टहोल्डीले बनाएको मूर्तिसहितका पानीका फोहराहरुले कोलमार सहरलाई झनै सुन्दर बनाएको रहेछ । त्यसै गरी बार्टहोल्डी म्युजियम, उन्टरलिण्डेन म्युजियम कोलामार सहरका प्रख्यात म्युजियमहरुमा गनिँदा रहेछन् ।

## हार्दिक समवेदना



**आशा भट्टराई** (वि सं १९८३-२०७४)

हाम्रा रोटेरियन मित्र निरञ्जन भट्टराईकी ममतामयी आमा आशा भट्टराईको दुखद निधन भएकोमा मृतात्माको चीर शान्तिको कामना गर्दै शोक संतप्त परिवारमा हार्दिक समवेदना अर्पण गर्दछौं ।

**सुरेन्द्र ढकाल एवं**
समस्त रोटरी क्लब डिल्लीबजार तथा
ग्रेटर नेपाल साप्ताहिक परिवार

Remember us for the Construction of Private and Public Works
EWES East West Engineering Service Pvt. Ltd.
Consulting Architects, Engineers & Planners
GPO box no : - 8621, Kathmandu Nepal
Phone : +977-1- 4373316 , Fax- 4650203
Website: http://www .ewesnepal .com ä®:
E-mail: info@ewesnepal .com , hbgewe@gmail .com

Load-shedding No Problem
Solar-hybrid inverts are now available with heavy discount
Upto 15KVA
With 24 months Warranty
Sales & services of:
Laptop, Desktop, Printer & Fax, EPABX & Fittings, Inverter & Online UPS, Exide Batteries, Securities & Door Locks, CCTV Camera & Fittings, Biometric Devices & Fittings, Networking & Accessories etc.
B N COMPUTERS INTERNATIONAL
P. O. Box: 10904, New Plaza,Kathmandu, Nepal.
Tel.: 977-1-4444531, 4444532, Fax: 4444532
Cell: 977-9851051003, 9808869062
E-mail: E-mail: crossweb@wlink.com.np,

दाँते सोसाइटी नेपाल
नयाँ बानेश्वरमा इटालियन, अंग्रेजी र जर्मन भाषा सिकी आत्मनिर्भर बनौं ।
फोन : ९८५१०२३६७०, ४४४१८१२

SOS MANPOWER SERVICE (P) LTD.
www.sosmanpower.org
विश्वसनीय र भरपर्दो वैदेशिक रोजगारका लागि हामीलाई सम्झनुहोस्
ISO 9001
Handphone : 9851024628
G.P.O. Box : 3565, Dhapasi, Kathmandu, Labour Dept. Lic. No. : 80/052/53
Tel : 01 4365986 Fax : 01 4365985, Email : sosierra@wlink.com.np

हामी नेपालीहरूमा जुनसुकै क्षेत्रमा पनि काम गरेर देखाउन सक्ने अवस्था छ र सफल पनि हुन सकिन्छ । नयाँ प्रविधि र नयाँ क्षेत्रहरूमा हामी जानैपर्छ । मुख्यत: हामीमा प्रतिबद्धता, लगनशीलता, आँट र साहस चाहिन्छ ।
नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

# रातभरि कुर्‍यो : एक गाग्री पानी

■ सञ्जिला मोक्तान तामाङ

ररामेछाप । पकरबासकी सीतादेवी न्यौपानेको दिन पानीको जोहो गर्दैमा बित्छ । सपनामा पनि उनी पानीको जोहो गरेकै देख्छिन् । ५९ वर्षकी सीतादेवी आधारातमा आँखा मिच्दै उठ्छिन् । गाग्री, जर्किन, बोतल बोकेर लर्खराउँदै पँधेरोतिर दौडिन्छिन् । अँधेरी रातमा बत्ती हातमा बोकेर एक घन्टाको पैदल हिँडेपछि पँधेरोमा पुगिन्छ । अरूभन्दा अघि पुगे पालो पाइन्छ नत्र पछि परिन्छ । घन्टौं लाइनमा बसेपछि बल्लतल्ल पालो आउँछ । त्यो पनि आधा माटो मिसिएको धमिलो पानी । नभरौँ विकल्प छैन, भरौँ फोहोर पानी ।

निद्रा र थकानको पर्वाह नगरी उनी दिनहुँ पानीको जोहो गर्न यसैगरी दौडिन्छिन् । विवाह गरेर घर भित्रिएदेखि सुरु भएको उनको यो कामले अहिलेसम्म विश्राम पाएको छैन । 'यो चोला पानी कुर्दैमा गयो, पानीले जिउज्यानै खायो,' सीतादेवी भन्छिन् । 'देशमा संविधान आयो, नयाँ सरकार आयो, नयाँ कानुन आयो, तर खै हामीले के पायौँ ?' सीतादेवी भन्छिन्, 'जुगौँदेखिको खानेपानीको समस्या अहिलेसम्म कायमै छ, नातिनातिनाले पनि सुख नपाउने भए ।'

खानेपानीको व्यवस्था नहुँदा पकरबासका स्थानीयले पुस्तौँदेखि समस्या झेलिरहेका छन् । यो समस्याबाट सबैभन्दा बढी पीडित महिला छन् । किनकि नेपाली समाजमा अहिले पनि 'पानी-पँधेरोको काम महिलाको हो' भन्ने ठानिन्छ । हजुरआमादेखि नातिनी, बुढीसासूदेखि नातिनीबुहारीसम्मले भोगेको यो त्यहाँका आममहिलाको समस्या हो ।

पकरबास गाविसमा खानेपानीको स्रोत भनेको गाँडापानीको कुवा हो । त्यो कुवामा पनि पर्याप्त पानी आउँदैन । पानीको मुहान सुक्दै गयो । पानीको मूल फुट्ला भन्ने उनीहरूको आशा अहिलेसम्म पूरा हुन सकेन । दिउँसो पानी नपाइने डरले स्थानीय महिला राति हुल बाँधेर कुवामा दौडनुपर्छ । एक्लै जाँदा डरलाग्ने, समूहमा जाँदा पानी नपुग्ला भन्ने चिन्ता हुन्छ । कहिलेकाहीँ त पानी नपुग्दा साथीसाथीबीच नै पानीको निहुँमा झगडासमेत हुने गरेको तीतो अनुभव सीतादेवीको छ । उनले भनिन्, 'पानीको निहुँमा आफ्नै साथीसँग झगडा पर्छ, के गर्नु ?'

पानीको समस्याबारे उनी भन्छिन्, 'एकले अर्कालाई पानीचोरको आरोप लगाउँछन् । त्यसैमा भनाभन हुन्छ अनि झगडा नै चल्छ । फेरि हामी नै बसेर मिलाउँछौँ । यस्तै रमिता हेरेर पानी भर्नुपर्छ । हिउँद, वर्षा, हावा, हुरी, झरी केही भन्न पाइँदैन । के गर्नु पानी नभई बाँचिँदैन ।'

त्यस्तै समस्या रामपुरमा पनि छ । रामपुरकी सुजाता तामाङ दुईवटा साना नानी बिछ्यौनामा छाडेर खानेपानीका लागि मध्यरातमा गाउँभन्दा झन्डै डेढ घन्टा तलको धाराखोलामा पुग्छिन् । 'न छोराछोरी भन्न पाइन्छ, न आरामले निदाउन पाइन्छ, उकालोमा पानी बोक्दैमा जिउ बिग्रियो,' सुजाताले भनिन् । राति डरले एक्लै जान सकिँदैन । जो पहिले उठ्छ त्यसले अरूलाई बोलाएर सबै महिला रातभरिमा भोलिपल्टका लागि चाहिने पानीको जोहो गर्न दौडनुपर्छ । फारो गरेर चलाउँदा हरेक परिवारमा दैनिक ५-६ गाग्री पानी चाहिन्छ । डेढ घन्टाको उकालो जोरगाग्री पानी बोक्दा तल्लो पेट दुख्ने र पाठेघर झर्ने समस्यासमेत हुनसक्छ ।

रामपुरकै कमला तामाङ एक गाग्री पानीका लागि बिहान पूरै जाने गरेको बताउँछिन् । 'राति उठ्न सकिएन भने पालो कुरेर बस्नुपर्दा पूरै बिहान एक गाग्री पानीका लागि बिताउनुपर्छ,' उनले भनिन् । पानीकै अभावमा बालबालिकाको सरसफाइमा समेत महिलालाई समस्या छ । कमला भन्छिन्, 'एक सातासम्म रामपुरमा लुगा धुने चलन छैन । एकैपटक एक डोको लुगा बोकेर खानीखोला झर्नुपर्छ । लुगा धुन र नुहाउन त अझै तल धाउनुपर्छ ।'

त्यही गाउँकी सुकुमाया तामाङ त पानीकै समस्याले रोगी भइन् । उनलाई अहिले हातगोडा सुन्निने, आँखा रातो हुने, रिँगटा लाग्ने समस्या देखिएको छ । सुरुसुरुमा उनले त्यति वास्ता गरिनन् । पछि गाह्रो हुँदै गएपछि समस्यामा परिन् । डाक्टरको सल्लाह थियो- गह्रौं चिज बोकेर उकाली-ओराली नगर्ने । तर, उनको बाध्यता छ, उनी अहिले पनि सकिनसकी पानी ओसारिरहेकी छिन् । सुकुमाया भन्छिन्, 'डाक्टरले त भन्छन् नि पानी नबोकी सुखै छैन ।'

जिल्लाको मन्थली नगरपालिका- १३ को बडीमुहानका महिलालाई सदरमुकामवासी हुनुको अनुभूतिसमेत छैन । दैनिक एक घन्टा तलको तामाकोसी नदीको पानी नओसारी उनीहरूको मुखमा माड लाग्दैन । त्यहाँका मानिसले तामाकोसी नदीको पानी थाप्लो कुच्याएर बोक्न थालेको वर्षौं भइसक्यो । अहिलेसम्म पनि उनीहरू नदीको फोहोर पानी खान बाध्य छन् । सदरमुकाम मन्थली बजारनजिकै रहेको सो बस्तीका मानिस खानेपानी, नुहाउने, लुगा धुनेदेखि वस्तुभाउलाई पानी खुवाउनसम्म तामाकोसीमै पुग्याउँछन् ।

तामाकोसी सहकारी अस्पताल मन्थलीका निर्देशक डाक्टर सुमन कर्मचार्य महिलाको पाठेघर खस्ने मुख्य समस्या खानेपानीसँग जोडिएको बताउँछन् । पानी बोकेकै कारण ग्रामीण क्षेत्रका महिलामा पाठेघरको समस्या देखिएको उनको भनाइ छ । पानीको अभावले टाढाटाढाबाट गाग्रीमा पानी ओसार्दा महिलाको स्वास्थ्यमा असर पर्ने उनको भनाइ छ । डाक्टर कर्मचार्य भन्छन्, 'शिविरहरूमा स्वास्थ्य परीक्षणका लागि आउने महिलामा अधिकांशमा पाठेघर खस्ने समस्या देखिन्छ ।'

खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय रामेछापले एक वर्षमा ४२ वटा नयाँ खानेपानी आयोजना सम्पन्न गरेको छ । जिल्लाको भिरपानी, लखनपुर, कल्लेरी, खिम्ती, खनियापानी, चनखु, रस्नालु, तिल्पुङ, खाँडादेवी, पकरबास, चिसापानी, मन्थलीलगायतका स्थानमा ती योजना सम्पन्न भएको कार्यालयको तथ्याङ्क छ ।

खानेपानी आयोजना बन्ने क्रम चलिरहेका छन्, तैपनि समस्या भने उस्तै छ । जहाँ पानीका मुहान प्रसस्त छन् त्यहाँ खानेपानीका योजना बनेका छन् । सुक्खा क्षेत्रलाई त्यस्ता योजनाले समेटेका छैनन् । बेथान, भिरपानी, भँगेरी, पकरबसलगायतका अधिकांश गाउँका महिला पानीका लागि यसरी नै सङ्घर्ष गरिरहेका हुन्छन् । एक स्थानीय महिला भन्छिन्, 'सदरमुकाम मन्थलीका महिलाले समेत एक गाग्री पानीका लागि रातदिन भन्न पाउँदैनन् भने अरूको के कुरा गर्नु ?'

(सञ्चारिका फिचर सेवा)

# नीमको उपयोगिता तथा तराई-मधेशमा सम्भावना

■ डा. श्रीभगवान ठाकुर

नीम नेपालको हिमाल बाहेक प्रायः सबै ठाउँमा पाउने एउटा वनस्पती हो । जसको महत्व र उपयोगिता परापूर्वकाल देखि भइराखेको छ । आज पनि नीमको उपयोगिता उत्तिकै परेको छ जसको चर्चा दिन रात विश्वभरी मात्रै भइराखेको छ । यसको सबै भाग को उपयोगीता उत्तिकै छ । नीमको जरा, काण्ड, पात, फूल फल र बोक्रा सबै हाम्रो जीवनको कुनै न कुनै काममा प्रयोग भईनै राखेकोछ । यसको प्रयोग साना साना गरीब देखि ठूलाठूला कलकारखानाले पनि गर्न थालेको छ ।

नीम शब्द संस्कृत भाषाको नीम्बा भन्ने शब्दबाट आएको हो जसको अर्थ हो "रोगबाट छुटकारा पाउनु" । नीमको कलिलो हाँगाले दाँत माज्दा उत्तम हुने कुरा सर्बविदितै छ । नीमको पात खाएमा जुका मर्छ । यस बाहेक का गुणहरु हुने विभिन्न वैज्ञानिक तथा रसायन शास्त्रीले पत्तालगाएका छन । नीमबाट १२७ तत्वहरु पत्ता लगाएका छन् । जसको प्रयोग धेरै किसिमका औषधि तथा रसायनिक पदार्थहरु बनाउने काममा गरीन्छ । नीमको प्रत्येक भागको आ-आफ्नै महत्व छ ।

**काठ** : यो एउटा राम्रो किसिमको इन्धन हो जुन दाउराको रुपमा प्रयोग गरिन्छ । यसको काठबाट फर्निचर, कृषिको औंजारहरु, डुङ्गा, गाडा र खेलौना बनाउने काममा प्रयोग गरीन्छ । यसबाट बनाइएको सामानमा किरा र ढुसी लाग्दैन ।

**बोक्रा** : यसको रसबाट मलेरीया जस्तो ज्वरो तथा छालाको रोग निको पार्न सकिन्छ । यसको रस तितोहुन को कारण नीमविन, निम्बिडिन र निम्बीनिन तत्वहरु भएको ले गर्दा हो । निम्बिडिनले ज्वरो तथा चिलाउने खालको छालाको रोग (एक्जीमा लुतो दाद आदिलाई) ठिक गर्छ । बोक्रा पिसाब बन्द भएमा तथा सुन्निएको बेलामा प्रयोग गरीन्छ । यसको रसको प्रयोग सुईको रुपमा पशूहरुको रक्तचाप घटाउन प्रयोग गरीन्छ । यसको रस खरबुजाको मोज्याक भाइरस रोग ठिक गर्न पनि प्रयोग गरीन्छ ।

**जराको बोक्रा** : यसको प्रयोग कुखुराहरुको प्रोटोजोआबाट हुने रोग मा २५ मि ली प्रति १०० ग्राम शारिरीक तौलको दरले दिनाले रोग निको हुन्छ । छालाको धेरै रोगहरु मध्ये एलरजिकमा पनि यसको प्रयोग द्वारा उपचार गरिन्छ । यसमा ढुसिको विरुद्ध काम गर्ने क्षमता धेरै छ । जस बाट ढुसीबाट हुने रोगहरुको उपचार गरिन्छ । यो ट्युमर रोगमा पनि प्रभावकारी हुन्छ । यसको लस्साबाट धेरै टौनिकहरु बनाईन्छ साथै रंग बनाउने काममा पनि प्रयोग गरिन्छ । जराको बोक्रा बाट रेशा उत्पादन गर्न सकिन्छ जस बाट डोरी बनाईन्छ । नीमको बोक्राको रसको प्रयोगबाट जिन्जीराईटिस तथा पेरियोडोन्टाईटिस भन्ने रोगबाट बच्न सकिन्छ । नीमको जराको बोक्रामा पाईने टैनीन को प्रयोग पशुको छालाको रंग खैरो पार्न प्रयोग गरिन्छ । बोक्रा र अरु जडीवुटी मिसाएर जण्डीस को उपचार गर्न सकिन्छ ।

**पात** : कलीलो पात देखि पुरानो पात सबै को आफ्नो आफ्नो महत्व छ । कलीलो पात र मरिचको प्रयोग बाट आन्द्राको जुका मार्न सकिन्छ भने कलीलो पातलाई मात्र पींधेर पानीमा मिसाएर प्रयोग गरेमा भाईरसबाट हुने विफरबाट मानिस र कुखुराहरुको प्रतिरोधात्मक क्षमताको काम गर्छ । यस बाहेक नीमको पातमा कलेजो को रक्षा गर्ने तत्व साथै पात र पानीको मिश्रणबाट अल्सर र ग्यास्ट्रिक को समस्या बाट मुक्त हुन सकिन्छ ।

नीमले रोग सित लडने क्षमताको विकास शरिरलाई प्रदान गर्छ । नीमको पात तीन चार वटा दैनीक चवाएर खानाले शरिरमा जोस जाँगर ल्याउँछ । यसले मानसिक तनाव बाट मुक्त गर्छ साथै शरिरको भौतिक अनुकुलता मिलाउँछ । यदि शुरुमा क्यान्सरको उपचार नीमले गर्‍यो भने निकोहुने सम्भावना बढी हुन्छ । नीमको पात रगत सफा गर्ने काममा पनि प्रयोग गरिन्छ । जस्ले आक्सिजन पूर्ति गर्ने क्षमता (रातो रक्त कोष र हिमोग्लोविनको संख्या बढाएर) प्रदान गर्छ । यसले रगतको परजिवि, कलेजो को परजिवि तथा अरु सूक्ष्म किटाँणु को आक्रमण बाट बचाउँछ । रगतको अरु तत्वहरुलाई सन्तुलन गर्ने काम गर्छ । पातलाई पानीमा उमालेर घाउ सफा गर्न र छालाको रोग निको पार्न प्रयोग गरिन्छ । यसको पात रक्त अल्पता, जण्डीस, कमजोरी तथा ह्दय रोगीलाई खान सल्लाह दिईन्छ ।

**फुल** : नीमको फुल चाहि माघ फाल्गुणमा नयाँ पातसंगै आउँछ । यसको फूलमा नेक्टर (संगन्धित पदार्थ) धेरै मात्रामा हुन्छ । जुन माहुरी बाट मह बनाउन मद्दत मिल्छ । प्रायः दक्षिण भारतमा सुकेको फुल सिधै वा सुप बनाएर वा भुटेर खाने गरेको धेरै चाँड पर्वहरुमा पाईन्छ । यसको प्रयोग डिस्पेप्सीया तथा कमजोरीमा गरिन्छ । यसमा पाउने स्टेरोल तथा आवश्यक तेलको प्रयोग धेरै रसायनिक तत्व तथा औषधि बनाउने काममा गरिन्छ ।

**फल तथा विउ** : यसको फलमा जेडुमिन, एजाडिरोम तथा नीम्वीयोल पाउँछ । जेडुमिनले मलेरिया तथा नीम्वीयोलले ज्वरो ठिक पार्दछ । नीमको तेलले जोर्नीको रोगलाई ठिक गर्छ तथा हात खुट्टामा लगाएर सुत्दा लामखुट्टे ले टोक्दैन । यसको तेल छर्नाले झिंगा आउँदैन । बाली विरुवामा यसको तेल पानी र सर्फ मिसाएर छर्नाले किरा बाट हुने नोक्सानी बाट बचाउन सकिन्छ । नीमको विउको रस प्रयोग नपँसक्ता हटाउन मुसा तथा बांदरमा सफल परिक्षण गरिएको छ । आज कृषिको लागि नीम अतीनै प्रसिद्ध भएको छ । बोट विरुवामा छर्ने बिषादीको सट्टा नीमको विउको खोस्टा को रस को प्रयोग सुरु भएको छ । बिषादीले कैयौं मानिसहरु तथा पशुहरुलाई रोगी तथा ज्यान समेत लिन का साथै वातावरण लाई समेत दुषित पार्छ । जुन संसारको एउटा ठूलो समस्या भएको छ । यसलाई नियन्त्रण गर्न जैविक खेती गर्ने एउटा नारा छ जसबाट सबैको हित हुन्छ । बिषादीले कैयौं मित्र जिवलाई मारेर वातावरणलाई असन्तुलन पार्छ तथा किराहरुलाई बिषादीसंग अवरोधी बनाई विषादीको प्रभाव न्यूनीकरणगरिएको देखिन्छ ।

नीमको विउको खोस्टाको रस बनाउने तरिकाः सबभन्दा पहिले नीमको फल जम्मा गर्ने र विउलाई चार घण्टा सम्म घाममा सुकाईन्छ । त्यसलाई कपडा या जुटको झोलामा राखेर भण्डारण गर्न सकिन्छ । आवश्यक परेको वेलामा ४० ग्राम (एक मुठी) लिएर कुटेर ससाना टुक्रा पारिन्छ । त्यो टुक्रालाई वेलुका एक लीटर पानीमा रातभरी राखिन्छ, अनी भोली पल्ट विहानै त्यसलाई कुनै जालीले छानेर सर्फ संग मिसाएर स्प्रयरे टंकिमा राखि बाली विरुवामा किराहरु विरुद्ध छरिन्छ । यस्ले किरालाई भगाउँछ वा बोट विरुवाको पात खाने अरुची बढाउँछ तथा किराहरुको अवस्थामा विकृती ल्याउँछ । यो सस्तो, वातावरणलाई कुनै असर नपार्ने, मान्छे पशु तथा मित्र जिवलाई नमार्ने वानस्पतीक बिषादी हो । छानेर बाँकी भागलाई खेतमा कम्पोष्ट मलको रुपमा प्रयोग गरिन्छ । नीमको विउ बाट तेल निकालेपछि पीनालाई पनि मलको रुपमा प्रयोग गरिन्छ । जस्ले विरुवालाई धेरै पोषक तत्व दिनुको साथै रोग लाग्न बाट बचाउछ । जस्तै : भाईरल, ढुसीजनक, जुकाबाट हुने रोगहरु तथा जिवाणुबाट हुने रोगहरु ।

आजभोली नीमलाई "ईकोफेन्डली पेस्टिसाईड, मेडिसिन, वर्थ कन्ट्रोल पिल्स र ईकोलाजिकल वेल्थ" पनि भन्ने गर्दछन् । हामीहरुले आर्थिक पर्यावरणिय र जनस्वास्थ्यको दृष्टिकोणले हेर्ने हो भने नीम हाम्रो जीवनको महत्वपुर्ण वनस्पती हो । जसलाई हामीहरुले आज देखिनै खाली काम नलाग्ने जग्गा, सडकको किनारा, खेतको ड्याङ, चौर, बगैंचाको चारैतिर, घर तथा स्कुलको चारैतिर लागाएर फाईदा उठाउन सक्दछौ । नीममा आधारित केही वनस्पतीक बिषादीहरु फरचुन एजा, ट्राईनीम, रक्षक, वायोनीम, नीमेक्स, अचुक, मार्गोसान, मल्टिनीम आदि नामले बजारमा पाउने गर्दछ ।

अतः नीमलाई सडक, स्कूल, सार्वजनिक जग्गा, वागवानीको हाता, घर नजिक, खेत वरिपरि कृषिवन पद्धतिमा, काठको लागि निजी बन आदिको रुपमा विभिन्न कार्यक्रम, आयोजना, परियोजना समेतमा समावेश गरी तराई मधेशमा वृक्षारोपण गरी काठको आवश्यक्ता पूर्ति, वातावरणीय समस्या समाधान, मानव स्वास्थ्यमा सहयोग तथा आम्दानी गर्न सक्ने प्रशस्त आधार रहेको छ ।

*(मधेश दर्पण फिचर सेवा)*

बांगा कविता

# यै गधा गोरुले पो खुसीयाली ल्याउँछ कि ?



● प्रेम ओली (ढकलपुरे)

तपाईंका गोरु खै कस्ता छन्
मेरा गोरु त आलु खौले तालु खौले
हेर्दा ठ्याक्कै मान्छे जस्ता छन ।

जुडो लडाका छन् भुँडी लडाका छन्
तपाईंलाई गजब लाग्ला
घरको अगाडि प्राडो अडाका छन्
मेरा गोरु त न टेर्छन् न हेर्छन्
हरियो घाँस त देख्नै हुन्न, जति पनि खेर्छन् ।
कुनै गोरु, गोरु बनाउँदा पनि
अझै साँढे नै भका छन्
जोत्न नसक्ने भए पनि
लाजै नमानी सरकारी धान खाका छन्
यसपालिको असारमा धान रोप्ने कसरी
कृषि प्रधानदेश मेरो लाज छोप्ने कसरी ।
एउटा गोरुलाई कृषि मन्त्री बनाइ पठाएँ
रक्सी धोकेर आफैं खेतमा तुर्काइ हिँड्यो
अर्को गधालाई आपूर्ति मन्त्री बनाइ पठाएँ
दिउँसै सुरुवाल सुर्काइ हिँड्यो
कुलो खन्ने तन्नेरीहरु पनि
आजभोलि खाडीतिर कुवा खन्दैछन्
रोपाइँ गर्ने रोपार्नीहरु पनि
अरबतिर दासी बन्दैछन्
म बूढोले अब असार पन्ध्र, मान्ने कसरी
यो देशको कृषि प्रधानी, धान्ने कसरी ?

मेरै गुरु अब त मलाई नै हुक्का गर्छन्
जोत्न खोज्यो भने आफूलाई ठोक्ला झैं गर्छन्
आफ्नै गोरु गधा भएपछि
घरको धन्सार कसरी भरियला
डर पो हुन थाल्यो झन् अब
एक भोकभोकै पो मरिएला

भाग्य बलियो भयो भने गोरु पनि ब्याउँछ
के थाहा मेरो गोरु पनि ब्याउँछ छ कि
यै गधा गोरुले पो खुसीयाली ल्याउँछ कि ।

कथा

# जीवनका दश दिन (३)

■ लक्ष्मी उप्रेती

कतै तिम्रो लभ ट्रेज्डी त होइन ?" हार्दिकताकासाथ जिज्ञासा राखेँ ।

मेरो कुरो सुनेर ऊ निरीहजस्ती भएर एकपटक मतिर फर्की र अन्तै हेर्दै नजानिँदो गरी आँखाका डिलबाट झर्न आँटेका आँसु पुछी । त्यसक्षण केही जवाफ दिन सकिन ।

उसको हृदयमा मैले चोट पुर्‍याएकोमा मलाई आत्मग्लानि भयो । अनि "जेनी मलाई माफ गर है । मैले तिमीलाई चोट पुर्‍याउनका लागि सोधेकी थिइनँ, तर किन हो तिमीलाई देखेपछि तिम्रो जीवन जान्न मन लाग्यो ।" उसलाई सान्त्वना दिने प्रयासमा भावुक हुँदै बहकिएँ ।

मेरो वाक्य पूरा हुनै नपाई उसले "हैन, हैन ! तिमीले सोधेकोमा केही छैन । मैले तिम्रो भावना बुझिसको । म आफ्नो पीडा भन्न त चाहन्नथेँ, तर तिमीले मलाई यसरी माया गरेर आफ्नोपनको आभास दियौ । त्यसैले म भन्छु-

"केही समय अगाडिको यात्रामा हाम्रो कार दुर्घटनामा पर्‍यो । त्यसमा म बाँचे तर बुबाआमाको मृत्यु भयो । मेरा बुबाआमा बाहेक अरू कोही थिएन् मेरा आफ्ना । त्यसपछि म विक्षिप्त भएकी थिएँ । त्यसैबेला मेरो जीवनमा एउटा केटो साथी आयो । जब ऊ मेरो जीवनमा आयो तब खुसीले बाँच्ने लोभ ममा फेरि पलाउन थाल्यो । बुबाआमाको अभावमा दुख्ने गरेको घाउ अलिअलि गर्दै निको हुन थाल्यो । ऊ मलाई खुब माया गर्थ्यो । उसलाई पाएर मैले सुनौला सपनाहरू सजाउन थालेँ । दुःख र सुख साटासाट गरेर बाँकी दिन उससँग नै बिताउन देखेका सपनाहरू अधुरै राखेर यात्राको सुरुवातमा नै मलाई अलपत्र पारेर ऊ अचानक मबाट छुट्यो । कहाँ गयो, किन गयो मलाई केही थाहा भएन ।

केही दिन त ऊ फर्किएला भन्ने आसले पर्खिएँ, तर आशाको खुड्किलो धमिराले खायो । उसको बियोगमा बिरक्तिएर भौतारिँदै उसलाई मैले कहाँ-कहाँ खोजिनँ ! हामी बस्ने गरेका पार्कमा, खाने गरेका होटल-रेस्टुराँहरूमा, घुम्ने गरेका सहरमा अनि उसका आफन्त र साथीभाइकामा-जहाँ ऊ हुने आशातीत सम्भावना हुनसक्थे । तर व्यर्थ भए उसलाई भेट्ने मेरा प्रयासहरू । अन्तमा थाकेर मानिससँग भेटेर मात्र नभई इमेल इन्टरनेटको माध्यमबाट उसको खोजी गर्न थालेँ । त्यतिबेला मलाई कस्ताकस्ता जवाफ दिन्थे मानिसहरूले थाहा छ ।"

एकछिन स्तब्ध हुँदै पीडाको फोस्रो हाँसोमा लामो स्वास लिदैँ फेरि विगत पोख्न थाली -"कसैले भनेः उसले आत्महत्या गर्‍यो, कसैले भनेः ऊ मानसिक सन्तुलन बिग्रिएर कुनै सहरमा बेपत्ता भयो, कसैले भनेः पूर्वबाट आएका भिक्षुहरूको एउटा हुलमा मिसिएर उतै गयो ऊ पनि । यकिन भन्न सकेनन् कसैले । उसले हाम्रो यात्रा बिचमा नै किन यसरी अचानक छाड्यो मलाई केही थाहा हुन सकेको छैन । त्यसैले म यहाँ.....।" अफसोच उनको कुरो टुंगिन नपाई घण्टी बज्यो साधनको लागि ।

त्यहाँको नियम अनुसार मौन भंग भएपछि एक घण्टाको साधना गरेर दुई तीन घण्टासम्म फुर्सद हुने भएकाले बाहिर निस्किएपछि हाम्रा बाँकी कुरा गर्ने भएर हतारिँदै मौनताका साथ धम्महलभित्र गयौँ । तर दुर्भाग्य ! फेरि हाम्रो भेट हुन नसक्ने परिस्थिति भयो । हाम्रा कुरा अधुरा नै रहे ।

थाहा छैन जेनीले मलाई सम्झिन्छे कि सम्झिन्न । तर मैले जेनीलाई कहिल्यै बिर्सन सकिना । अह ! बिर्सन नै सकिनँ ।

मन अशान्त हुँदै चलचित्र हेरेझैँ आँखामा सलल बगिरहेको छ, त्यो दश दिनको स्मृति उही क्षण, उही वातावरण र उही परिवेशमा । के गरौँ कसो गरौँ जस्तो मन चुलबुल भइरह्यो । अनि कुर्सीबाट जुरुक्क उठो र भान्छामा गएँ । भान्छामा केही काम गर्ने जाँगर पटक्कै चलेन । मन अशान्त भएकाले दियो बाल्न स्वयम्भूको बौद्ध विहार जाने विचार गरेँ ।

पहिलापहिला पनि कहिलेकाहीँ मनमा औडाहा भएको बेला बौद्धविहारमा गएर बत्ती बाल्दा, भिक्षुणीहरूसँग एकछिन बसेर प्रार्थना गर्दा मन केही शान्त हुन्थ्यो । त्यसैले अहिले नै स्वयम्भूको बौद्धबिहार जाने निर्णय गरेर हतारिँदै तयार भएँ । अनि घरबाट निस्किएर स्वयम्भू जानका लागि बाटो लागेँ । स्वयम्भु नपुगुन्जेल बाटाभरि जेनीको स्मृतिले पिरोली नै रह्यो । एकपटक भेट हुन सके पनि त हुन्थ्यो नि ऊसँग भन्ने तीव्र चाहना जागिरह्यो ।

म स्वयम्भूको बौद्ध बिहारको गेटभित्र पसेर अगाडि बढो । बिहार बाहिर केही भिक्षुणीहरू सलबलाइरहेका थिए । पूजा हलभित्र थुप्रै भिक्षुभिक्षुणीहरू प्रार्थनामा व्यस्त थिए । मजस्तै मन शान्त पार्न आएका भक्तहरू भित्र जाने पालो पर्खेर उभिएका हल भएतिर म पनि लाइनबद्ध हुन गएँ ।

यत्तिकैमा बाहिर भएका भिक्षुणीहरूका समूहबाट एउटी भिक्षुणी सुरुसुरु म भएतिर आई । मैले अनुहारतिर ध्यान नदिई गेरु रङ्गको पहिरन लगाएकी आकर्षक व्यक्तित्व भएकी भिक्षुणीको हिँडाइँ देखेर हेरिरहेँ । अलिअलि गर्दै ऊ मेरो छेउमै आएर टक्क उभिई र मलाई घ्याप्प अँगालो मारी । अचानक उसको स्पर्शले म झस्किएँ । मेरो मनमा खै के भयो ? म स्तब्ध भएँ ।

एकछिन चुपचाप त्यसको अङ्गालोमा बाँधिएर बिस्तारैबिस्तारै म चटपटाएँ । मेरो एउटा हातले उसको टाउको उठाएर हेरो । मैले चिताउँदै नचिताएकी तर मेरो मनमा सधैँसधैँ रहेने जेनीलाई देखेँ । त्यही जेनी जो विपश्यना शिविरमा कुरा अधुरै छाडेर बिछोडिएकी थिई । यस्तो अवस्थामा उसलाई देख्दा एकछिन त विश्वासै नलागेर आफूलाई खोज्न आफ्नो टाउको हल्लाएँ । त्यसबेला मुस्कुराउँदै उसले पनि मेरो भ्रम टुटाउँदै बिस्तारै टाउको हल्लाई । त्यसपछि सन्तुष्ट हुँदै मैले जेनीलाई अँगालोमा कसेँ । उसको स्पर्शले त्यसबेला मलाई आह्लादित बनायो ।

तीन वर्ष अगाडिकी जेनी र आजकी जेनीमा आकाश पातालको फरक देखो । सुनौलो रङको लामो कपाल भएकी, पीडा र चोटले विषादित कथाले भरिएको अनुहारमा पनि सधैँ मुस्कुराउने जेनी आज कपाल खौरिएर आनी भएकी छ । गेरुवा रङ्गको वस्त्र पहिरिएर भिक्षुणी भएकी जेनी मुस्कुराउँदा परम सुख, शान्ति र समृद्धिले भरिएको कान्तिको तेजिलो चमक भएको आशातीत अनुहारमा देखेँ । यसबेला जेनी तनकी भन्दा मनकी सुन्दरी भएकी देखेँ ।

तीन वर्ष अगाडि मात्र उसले भनेकी थिई 'मन शान्तिको लागि ध्यानको अभ्यास गर्ने उद्देश्य राखेर पहिलो पटक विपश्यना आएर ग्रहण गर्ने प्रयत्न गर्दै छु ।' तर यति छिटो यस मार्गमा जेनी हिँड्न सकिन्छ ।

मलाई अचम्म लाग्यो । जेनीले कति छिट्टै जिन्दगी जितिछ । तर म भने जहीँको त्यहीँ छु । हामी आनन्द खोज्दै कहाँ-कहाँ भौतारिरहन्छौँ । तर यिनीहरू हाम्रामा आएर आनन्दमा डुब्न कस्तरी जानेका ? जेनीलाई अँगालेरै अपार आनन्दको अनुभूत गरेँ । जब जेनी मेरो अँगालोबाट हटी तब मेरो मनमा एकतमासको खुलदुली भयो । जेनीले हात हल्लाउँदै मसँग बिदा मागी । मैले पनि हात हल्लाएँ प्रतिउत्तरमा निर्जीव यन्त्र झैँ भएर । अलिअलि गर्दै मबाट टाढा निकै टाढा पुगी ऊ, मैले हेरिरहे । त्यसबेला मलाई लाग्यो- मानिसले प्राप्त गर्ने आनन्दको मार्ग के यो नै अन्तिम हो त ? कि यो बाहेक आनन्द प्राप्तिका लागि अन्त कतै अरू केही मार्ग पनि छन् हाम्रा ? प्रश्नै प्रश्नको गुजुल्टाले मलाई अन्योलग्रस्त बनायो । म अनिर्णायक यात्री झैँ उभिरहेँ-उभिरहेँ ।

# यसरी नै बनिरहन्छ भुटान भारतको दास

सुधा कार्ला

भुटान पूरै आफ्नो ऐतिहासिक कालखण्ड विश्वबाट छुट्टै रहेर बिताएको देश हो । भारतमा अंग्रेजहरुको औपनिवेशिक आधिपत्य दरो बन्दै गएपछि भारतभित्रका स्वतन्त्र राष्ट्रहरु सिख, बंगाल, अवध, मैसुर, मराठा लगायत धेरै राष्ट्रहरुको स्वतन्त्र अस्तित्व समाप्त भयो । तर केही राष्ट्रहरुलाई अंग्रेजले नखाइकन आफूले परराष्ट्र र रक्षा हेर्ने गरी स्वतन्त्र रहन दियो । जसमा हैदराबाद र भुटान पर्दथ्यो । सन् १९१० मा भारतमा रहेको अंग्रेज शासनले भुटानसँग एक सन्धि गऱ्यो जस अनुसार भुटान अंग्रेजको संरक्षित क्षेत्र बन्न पुग्यो । जसअनुरुप अंग्रेजले भुटानको परराष्ट्र मामला र रक्षामा आफ्नो हातमा लियो ।

चीनमा भएको साम्यवादी क्रान्तिको कारण भुटान ज्यादै त्रसित भएको हुँदा जब १९४७ मा भारत स्वतन्त्र भयो त्यसलाई मान्यता दिने राष्ट्रमा भुटान सबैभन्दा पहिलो हुन पुग्यो । यसको मतलव अंग्रेजले भारत छोडेर जाने बित्तिकै भुटानले आफूलाई टुहुरो सम्झ्यो र कतै चीनले पो खाने हो कि भन्दै अगष्ट ८, १९४९ मा भुटानले स्वतन्त्र भारतसँग सन्धि गऱ्यो जसअनुरुप अंग्रेजले हेरेको भुटानको परराष्ट्र नीति, रक्षा मात्र नभई भारतसँग स्वतन्त्र व्यापार र सुपुर्दगी गर्ने कार्य पनि भारतले आफ्नो जिम्मामा लियो ।

सन् १९५० मा तिब्बतमा चीनको सैनिक उपस्थिति बलियो भएपछि नेपाल र भुटानसँगको सम्बन्धलाई आफ्नो सुरक्षाको कारण चीनले महत्व दिने जनाएपछि तर्सेको भारतका प्रधानमन्त्रीले १९५८ मा भुटानको भ्रमण गरी भुटानको स्वतन्त्र अस्तित्वमा कसैले धावा बोलेमा त्यसलाई भारतमाथिको धावा ठान्ने कुरा बताएं र सोही कुरा उनले भ्रमणपश्चात् भारत फर्केपछि भारतीय संसद लोकसभामा बोले । यो नेहरुले चीनलाई दिएको घुमाउरो धम्की थियो । भुटानको उत्तरी सीमा भनेको भारतकै उतरी सीमा भएको हुँदा त्यसको सुरक्षा गर्नु भारतको प्रथम कर्तव्य हो भन्दै मुखमा राम राम भन्दै भुटान स्वतन्त्र राष्ट्र भन्ने तर बगलीमा छुरा भनेजस्तै भुटानको प्रादेशिक अखण्डता नभएको नेहरुले प्रष्ट पारे ।

भारतमा अंग्रेज होउञ्जेल अंग्रेजको संरक्षित क्षेत्र बनेर बस्ने बानी परेको भुटानले चीनको त्रासले गर्दा आफूलाई भारतको दास बनाउँदै भारतको पोल्टामा आफूलाई हाल्यो । जबकी चीनको भुटान खाने कुनै रहर थिएन । माओ जे डुङको परराष्ट्र नीतिमा तिब्बत भनेको हत्केला र यसका पाँच औंला भनेको लदाख, नेपाल सिक्किम, भुटान र बर्मा हुन् तसर्थ यी देशहरुमा चीनले राम्रो सम्बन्धको विकास गर्नुपर्छ भन्ने थियो । अन्यथा तिब्बतको सुरक्षा भन्दै त्यही बेला चिनियाँ लालसेनाले नेपाल, सिक्किम भुटान र बर्मालाई आफूमा गाभ्यो होला । नेपालले जस्तै चीनसँगको सम्बन्धलाई भुटानले १९४७ पछि महत्व दिन्थ्यो भने भुटान भारतको दास हुनुपर्ने थिएन ।

हाल भुटानको ६०५ किलोमिटर सीमा भारतसँग जोडिएको छ । भुटानले निर्यात गर्ने वस्तुको ९८ प्रतिशत भारत जान्छ भने ९० प्रतिशत आयात भारतबाट हुन्छ । भुटानमा शाही सेनालाइ तालिम दिने नाममा १००० भारतीय सैनिक बल स्थायी रुपबाट पश्चिम भुटानमै रहने गरेको छ । भुटान र भारतबीच कुनै वैधानिक सीमा रेखा छैन र जब जब भुटान सीमा वैज्ञानिक बनाउ भन्छ भारत सुनेको नसुन्यै गर्छ । बेलामा बुद्धि नपुऱ्याएपछि लाचार भुटानले भारतविरुद्ध गर्ने के सक्छ र ? यद्यपि संयुक्त राष्ट्रसंघको सदस्यता लिने कुरामा भारतले छेका नहालेको कारण परराष्ट्र, रक्षा, अन्तराष्ट्रिय व्यापार, ऊर्जा सबै भारतको अधिनमा हुँदाहुँदै पनि भुटान स्वतन्त्र राष्ट्रमा गनिन्छ र सार्कमा भुटानले त्यही हैसियत पाएको छ ।

जब जिग्मे थिन्ले भुटानका प्रथम निर्वाचित प्रधानमन्त्री बने उनी अन्तर र्राष्ट्रिय कुटनीतिका ज्ञाता पनि थिए । तब उनले चीनसँगको भुटानको सीमा जाकारलुङ, पासमलुङ र दोक्लाम भएको कारण चीनसँगको सम्बन्धलाई नकार्न नसकिने र क्रमशः चीनसँग द्विपक्षीय सम्बन्धको विकास गर्नैपर्ने जिकिर गर्न थाले । सन् २०१२ मा थिन्लेले रिओ दे जेनारियोमा चीनका प्रधानमन्त्री वेन चि वाओ भेट गरी चीनसँग २० वटा बस किन्ने प्रतिवद्धता जाहेर गरे जसले भारतको सातो लियो । उता तिब्बती सीमासँग नजिकै भएको कारण दोक्लाममा चीनको बलियो उपस्थिति हुन सक्ने डरले भारत त्रसित पनि थियो । दोक्लाममा चीन बलियो भएमा त्यसको प्रभाव सिलगुढी करिडर जसलाई चिकेन नेक भनिन्छ, त्यहाँसम्म पुग्ने र भारतको शासन अरुणांचल प्रदेशमा कमजोर हुन गई भारतको आम विखण्डन हुन सक्ने देखेर भारत थिन्लेसँग नराम्ररी तर्स्यो । जसको फलस्वरुप २०१३ को चुनावताका भारतले भुटानमाथि अघोषित आर्थिक नाकाबन्दी लगायो । थिन्लेको दलले चुनाव जिती फेरि प्रधानमन्त्री बनेमा चीनको दुतावास थिम्पुमा खुल्ने अनि भुटानलाई सदाको लागि दास बनाइराख्न नपाउने देखेर भारतले आर्थिक नाकाबन्दी गरी मनोवैज्ञानिक दवाब दिएको थियो । यसैको कारण चुनावमा थिन्लेको राष्ट्रवादी दल नराम्ररी पछारियो । भारत पक्षीय छिरिङ तोग्वे चुनाव जिति प्रधानमन्त्री बने । उनी प्रधानमन्त्री बन्नासाथ भारतीय सुरक्षा सल्लाहकार शिव शंकर मेनन भुटान गई चीनसँगको सम्बन्धबारे नसोच्नु भनी सचेत गराए ।

मोदी प्रधानमन्त्री बन्नेबित्तिकै सबैभन्दा पहिलो भ्रमण भुटानकै गरे । भुटानलाई फकाउन उनले ऋण र सहयोगमा ५० प्रतिशतले वृद्धि गर्ने, १० हजार मेगावाट बिजुली उत्पादन गर्न भुटानलाई सहयोग गर्ने वचन दिए । सहयोगको वचनबाट फुरुक्क परेका प्रधानमन्त्री तोग्वेले आफूले कुनै हालतमा थिम्पुमा चीनको दुतावास खोल्न नदिने प्रतिवद्धता जनाउँदै भुटान सधैं भारतकै दास भइराख्ने हवाला दिएका छन् ।



प्रधानमन्त्री तोग्वेलाई दिल्लीमा स्वागत गर्दै मोदी




सिक्किम र तिब्बत नजिकै रहेको दोक्लाम



राष्ट्रवादी प्रधानमन्त्री जिग्मी थिन्ले



थिन्ले चिनियाँ प्रधानमन्त्री वेनसँग



भारतका कठपुतली वर्तमान प्रधानमन्त्री छिरिङ तोग्वे


## रोचक संसार

### सामानको भाउ एक रुपैया कम किन ?

सामानको मूल्य ९९, १९९, २९९, ९९९ आदिजस्ता उनान्सयको संख्यामा राखिएको हुन्छ । आखिर यसरी सय भन्दा एक कम गराएर अन्तिममा ९ आउने गरी सामानको भाउ किन राखिएको हुन्छ । १००, २००, ३००, १००० आदि राख्नुको साटो एक रुपैयाँ घटाएर सामानको भाउ राख्नुको रहस्य बेग्लै छ । यसो गर्नुको पछाडि सबैभन्दा महत्वपूर्ण कारण यो होकी कुनैपनि वस्तुका एक रुपैयाँ मूल्य कम तय गर्नु मनोवैज्ञानिक बजारीकरणको सुझबुझपूर्ण रणनीति हो । ग्राहकलाई उक्त वस्तु खरीदका लागि आकर्षित गर्नका लागि यसो गरिन्छ । एक रुपैयाँ कम गर्दा समेत धेरैजसो ग्राहक उक्त वस्तुको मूल्य तल्लो अंकमै रहेको अनुभूति गर्दछन् । सामानको भाउ ४ सय ९९ रुपैयाँ हुँदा त्यो ५ सय भन्दा एक रुपैयाँ कम भएपनि धेरै ग्राहकहरुले त्यसलाई ४ सय मूल्यको अर्थात् सस्तो सामान भन्ने ठान्दछन् मनोवैज्ञानिक रुपमा र किन्नका लागि उत्प्रेरित हुन्छन् ।

कुनै पनि वस्तुको मूल्य १ रुपैयाँ कम गरिरहँदा पनि बिक्रेताले आफ्नो मुनाफामा सम्झौता गरिरहेका हुँदैनन् । कतिपय विक्रेताका लागि यो सित्तैमा ग्राहकको रकम थुत्ने माध्यम पनि हुन्छ । कुनै वस्तुको भाउ ९९ रुपैयाँ हुँदा ग्राहकले १ सय रुपैयाँ दिन्छ । विक्रेताले १ रुपैयाँ फिर्ता गर्नुपर्नेमा फिर्ता नदिने वा उक्त एक रुपैयाँको अर्को सामान जबर्जस्ती भिडाउने गर्दछ । यसो गर्दा ग्राहकले एक रुपैयाँ कममा कुनैपनि सामान किनेको भनिरहँदा एक रुपैयाँ अतिरिक्त खर्च गरिरहेको हुन्छ ।

### मरको मानिस बाँच्ने सम्भावना



वैज्ञानिकहरुका अनुसार एउटा यस्तो सिद्धान्त छ जसको सहयोगले मरिसकेका मानिसलाई पनि पुनः ज्यूँदो बनाउन सकिन्छ । वास्तवमा पहिलोपटक सन् १९६० मा वैज्ञानिकहरु लासलाई पुनः जिवित बनाउने प्रयोगमा लागेका थिए । अहिले सोही समयको भिडियो सार्वजनिक भएपछि यस विषयमा पुनः चर्चा सुरु भएको छ । आखिर मानिसको मृत्युपछि उसलाई पुनः जिवित बनाउन सम्भव छ की छैन ? भन्ने विषयमा मानिसहरुका कौतुहलता बढिरहेको छ ।

सन् १९६० मा अमेरिकाको एरिजोनास्थित क्रायोनिक साइन्स सोसाइटीमा एक मेसिनको सहायताले यो डेमो भिडियो तयार पारिएको थियो । जसमा एउटा ट्युब जस्तो रेफ्रिजेरेटरमा मानव सरीरलाई संरक्षित राख्ने प्रक्रिया देखाइएको थियो । उक्त ट्युबमा मानिसको सरीरलाई आल्मुनियमको पत्रले छोपेर राखिएको बताइन्छ । यसबाट सरीर सधैका लागि पूर्णरुपमा सुरक्षित हुन्छ । यो प्रक्रियालाई क्रायोप्रिजर्भेसन भनिन्छ । उक्त डेमोमा भनिएको छ की फिनिक्स साइन्स सोसाइटी मृत्युपश्चातको जीवनमाथि निरन्तर अनुसन्धान गरिरहेको छ ।

क्रायोप्रिजर्भेसनको सहयोगले यो सम्भव छ । यसरी सुरक्षित राखिएको सरीरलाई भविष्यमा कुनै न कुनै दिन जिवन प्रदान गर्न सकिने विश्वास वैज्ञानिकहरुमा छ ।

### चन्द्रमा हरियो देखिने हल्ला



अहिले फेसबुकमा हरियो रङको चन्द्रमाको तस्विर तथा यस्तै खालको समाचारहरु शेयर गर्ने ट्रेण्ड चलेको छ । आगामी २० अप्रिलका दिन चन्द्रमाको रङ हरियो देखिने हल्ला चलाइएको छ सोसल मिडियामा । उक्त दिन वरुण ग्रह चन्द्रमाको नजिक पुग्ने र सोही कारण चन्द्रमा हरियो रङमा बदलिने दाबी गरिएको छ । अझ अर्को दावी त के भने यस्तो घटना ४ सय २० वर्षपछि हुन लागेको हो ।

हालै ब्लुमुन र सुपरमुन देखेका मानिसहरु अब ग्रिन मून पनि देख्न पाइयो भनेर मख्ख पर्नुभएको होला । तर ढुक्क हुनुहोस् चन्द्रमा हरियो बन्नेछैन । यो केवल अफवाह मात्रै हो । वास्तवमा यस्तो हरित चन्द्रमाको हावादारी हल्ला सन् २०१६ को सुरुवात देखि नै चल्न थालेको थियो र २०१६ को मे २९मा चन्द्रमा हरियो बन्ने हल्ला फिंजाइयो । तर त्यसदिन चन्द्रमा हरियो भएन ।

त्यसैले आगामी अप्रिल २० मा पनि त्यस्तो कुनै घटना नहुने र चन्द्रमा आफ्ना पूर्ववत् स्वरुपमै रहने विज्ञहरुको भनाइ छ । यो हल्ला हावादारी भएको अर्को प्रमाण पनि छ । त्यो के भने आगामी अप्रिल २० अर्थात् ४२२० तारेखका दिन इतिहासमा ४ सय २० वर्षपछि यो घटना हुँदैछ भनिएको छ । रोचक कुरा त के भने ४ सय २० भन्ने शब्दावली नै कुनै हावादारी मानिसलाई इंगित गर्न प्रयोग गरिन्छ । अझ गँजडी मानिसहरुले अप्रिल २० लाई विश्व गाँजा सेवन दिवसको रुपमा मनाउँदछन् । यस अर्थमा अप्रिल २० वा चन्द्रमा हरियो देखिन्छ भन्ने हल्ला फैलाउने मानिसहरुले सायद गाँजा खाएकै नशामा त्यस्तो हल्ला फैलाए होलान् भन्ने आशा गरौं ।

### छोटो पेन्सिलमा कीर्तिमान



भारतमा एकजना व्यक्तिले दुनियाँकै छोटो पेन्सिल बनाएर वर्ल्ड रेकर्ड कायम गरेका छन् । उत्तराखण्ड राज्यका बासिन्दा प्रकाशचन्द्र उपाध्यायले विश्वको सबैभन्दा छोटो पेन्सिल बनाउन सफल भएका हुन् ।

उनले तयार गरेको उक्त पेन्सिलको लम्बाई ५ मिलिमिटर तथा मोटाई ०.५ मिलिमिटर रहेको छ । पेन्सिल काठ तथा ग्राफाइटबाट बनेको छ । हल्द्वानी सहरमा बस्ने उपाध्याय स्थानीय एक मेडिकल कलेजमा आर्टिस्टको रुपमा कार्यरत छन् । ४५ वर्षका उपाध्यायले ३२४ दिनमै दुनियाको सबैभन्दा सानो पेन्सिल बनाउन सफल भएका हुन् । पेन्सिल बनाउनका लागि उनले सलाईको काँटी प्रयोग गरेका छन् ।

सलाईको काँटीलाई पेन्सिलको बाहिर काठको रुपमा र बजारमा बिक्ने पेन्सिलको लिडलाई त्यसभित्र घुसाएर उनले दुनियाकै सानो पेन्सिल तयार गरे । उनको यो कीर्तिमान सुरुमा वर्ल्ड रेकर्डस् रिसर्च फाउण्डेसनमा पेश गरिएको थियो । अन्ततः यो वर्ल्ड रेकर्डमा सामेल भएको छ ।

### हवाईजहाज र इन्धन




भिमकाय जहाजले एक किलोमिटर दूरी पार गर्नका लागि कति इन्धन खपत गर्दछ ? समाचार अनुसार बोइङ ७४७ ले एक मिनेटको यात्राका क्रममा २४० लिटर इन्धन खर्च गर्दछ । यो विमानले १२ घण्टाको यात्राको क्रममा १ लाख ७२ हजार लिटर इन्धन खपत गर्दछ ।

एक किलोमिटर यात्राका क्रममा बोइङ ७४७ ले १२ लिटर इन्धन खपत गर्छ । यसको अर्थ ५ सय यात्रुलाई यो विमानले १२ लिटर इन्धनले १ किमी यात्रा गराउँदछ । यो भनेको प्रतिव्यक्ति एक किलोमिटर उडानका लागि ०.०२४ लिटर इन्धन हो ।

१ सय किलोमिटरको यात्राका क्रममा बोइङले प्रतिव्यक्ति २.४ लिटर इन्धन खर्च गर्दछ । यो कारले खर्च गर्ने भन्दा कम हो । एक कारले १ सय किलोमिटरमा ४ लिटर इन्धन खर्च गर्दछ ।

### "हेल्लो" शब्दको कथा



फोनमा कुरा गर्दा सबैभन्दा सुरुमा भनिने शब्द 'हेल्लो' को सुरुवात कसले गर्यो होला ? किन अभिवादनका अन्य शब्दहरु हुँदाहुँदै पनि हेल्लो शब्दकै प्रयोग गरिन्छ होला टेलिफोन संवादमा ?

वास्तवमा हेल्लो शब्दको आविष्कार मानिसहरुबीचमा आपसी कुराकानीलाई बढावा दिनका लागि भएको थियो । यो शब्द अहिले सायद विश्वको सबैभन्दा साझा शब्द बनेको छ र विश्वका धेरै भाषाले यो शब्दलाई स्वीकारेका छन् ।

सन् १९७३ को नोभेम्बर २१ मा विश्वमा पहिलेपटक विश्व हेल्लो दिवस मनाइएको थियो । हेल्लोको प्रयोग अहिले सर्वव्यापी छ, तर यो दिवस चाहिँ मनाउन छाडिएको छ ।

उता फोनमा कसैसँग सम्पर्क गर्दा सुरुमा हेल्लो भन्ने चलनको सुरुवात चाहिँ टेलिफोनका आविष्कारक ग्राहम बेलसँगै जोडिएको छ । उनले केवल फोनको आविष्कार मात्र गरेनन्, फोनमा बोलिने यो भाषाको पनि आविष्कार गरे । वास्तवमा बेलकी प्रेमिकाको नाम मार्गरेट हेल्लो थियो । उनी प्रेमिकालाई निकै माया गर्थे र हेल्लो भनेर बोलाउँथे ।

*अनलाइन खबरबाट*

प्रेरक

## इच्छाशक्ति



चार्ली च्यापलिन एक निर्धन परिवारमा जन्मिएका थिए । लण्डनका गल्लीमा फोहोर उठाउने काम गरेर उनी दैनिक गुजारा चलाउँथे । होचा कदका चार्ली अत्यन्त फुर्तिला स्वभावका थिए । दुःखैदुःखमा जीवन बिताइरहेका चार्ली ड्रामाप्रति आकर्षित बन्दै गए । उनले एक महान कलाकार बनेरै छोड्ने अठोट गरे । खासगरी उनी हास्य विधामा जम्न पुगे । थिएटरका दर्शकहरु उनको अभिनयबाट एकदमै प्रभावित भए । चार्लीको नाम सुन्नासाथ दर्शकहरु हाँस्न थाल्थे । उनका लोकप्रियता यति बढ्यो कि उनी बिनाका नाटकहरु चल्नै छोडे । नाटकमा पाएको अद्भुत सफलताले उनलाई काँचको पर्दामा पुर्‍यायो ।

फिल्म मेकरहरु कमेडियन भूमिकामा चार्लीलाई लिन प्रतिस्पर्धा नै गर्न थाले । उनको लोकप्रियता लण्डन हुँदै हलिउड पुग्यो । हलिउडका डाइरेक्टरहरुको नजरमा उनी परे । उनी अमेरिका गए र हलिउडका फिल्महरुमा अभिनय गर्न थाले । उनी आफ्नो बेजोड अभिनयले छिट्टै विश्वप्रसिद्ध हास्य अभिनेता बन्न पुगे । अमेरिकी सरकारले भने उनी कम्युनिस्ट भएको शंका गर्‍यो । उनीमाथि निगरानी बढाइयो । तर उनले हरेश खाएनन् । संकटबाट उठेर उनी विश्व सिनेमामा छाए । चार्लीले मान र दाम दुवै कमाए । आखिर अमेरिकाले नै उनलाई ओस्कार पुरस्कारबाट सम्मान गर्नुपर्‍यो ।

## साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

बेलामा होस नपुर्‍याउँदा केही समस्या झेल्नुपर्ला । परिस्थितिले सोचेभन्दा फरक मोड लिन सक्छ । लेनदेन तथा हिसाबकिताबमा होसियार रहनुहोला । सहयोगीहरूले हात झिक्नाले समस्यामा परिनेछ । सञ्चित रकम खर्चनुपर्ने आवश्यकता पर्न सक्छ । अग्रजहरूको सहमति नाजुट्नाले काम रोकिन सक्छ । दिगो काम प्रारम्भ गर्न केही समय पर्खनुपर्ने देखिन्छ ।

### बृष

सुखद् समाचारले उत्साह जगाउनेछ । मिहिनेतले सम्मानित स्थान दिलाउन सक्छ । बौद्धिक कार्यबाट दिगो लाभ उठाउन सकिनेछ । आर्थिक गतिविधिले फाइदा दिनेछ । अध्ययनमा प्रगति हुनेछ भने ज्ञानलाई निखार्ने अवसर प्राप्त हुनेछ । दिगो फाइदा हुने काम प्रारम्भ गर्ने समय छ । प्रेम र मित्रताको बन्धनसमेत कसिलो हुनेछ । व्यवसायमा मनग्गे धनलाभ हुनेछ ।

### मिथुन

रमाइलो जमघटमा सहभागी बन्ने अवसर जुट्न सक्छ । आफन्तसँग भेटघाट हुनुका साथै स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ । पहिलेको सफलताले थप हौसला जगाउनेछ । नयाँ कामको प्रस्ताव आउनेछ भने सहयोगीहरूले उत्साह जगाउनेछन् । पहिलेका कमजोरी सुधार गर्दै फाइदा उठाउने समय छ । सुन्दर पहिरनका साथ व्यक्तित्व निखार्ने अवसर प्राप्त हुनेछ ।

### कर्कट

अर्थअभाव खट्किए पनि आवश्यक पर्दा सरसापट वा कर्जामार्फत धन जुट्नेछ । विदेश भ्रमणका लागि प्रयत्न गर्ने समय छ । अवसरको खोजीमा केही दौडधुप गर्नुपर्ला । दोहोर्‍याएर प्रयत्न गर्दा रोकिएको काम बन्नेछ । टाढाका साथीभाइले काममा साथ दिनेछन् । तर, पछिका लागि केही वस्तु त्याग्नुपर्ला । केही खर्च बढ्नेछ भने व्यवसायमा लगानी बढाउनुपर्ला ।

### सिंह

प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ । मिहिनेत गर्दा दिगो फाइदा हुने काममा जग बसाउने मौका छ । आम्दानीका नयाँ स्रोत फेला पर्नेछन् । पहिले गरेका कामबाट प्रशस्त लाभ हुनेछ । आयआर्जन बढ्ने र उठ्नुपर्ने रकम हातलागी हुने समय छ । कृषि, पशुपालन तथा व्यापारमा प्रशस्त फाइदा हुनेछ । चलअचल धनको उपयोगबाट मनग्गे फाइदा उठाउन सकिनेछ ।

### कन्या

आँटले काम लिन नसक्दा पछि परिनेछ । तत्कालको फाइदा हेर्दा पछिलाई समस्या होला । कामको तालमेल नमिल्दा योजना अधुरै रहनेछ । ईर्ष्या गर्नेहरू सक्रिय रहनेछन् भने अवसरवादीहरूले आफ्ना कमजोरीको फाइदा उठाउने चेष्टा गर्नेछन् । अप्ठ्यारा परिस्थितिसँग सम्झौता गर्नुपर्ला । सानातिना काममै अल्झनुपर्नेछ भने पहिलेका समस्या दोहोरिन सक्छन् ।

### तुला

प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ । चुनौतीहरू पन्छाउँदै चिताएको काम बनाउन सकिनेछ । रोकिएका काम सम्पादन हुनेछन् भने मिहिनेतले लक्ष्यमा पुर्‍याउनेछ । सानो प्रयत्नले धेरैको भलाइ गर्न सक्छ । महत्वपूर्ण कामको जग बसाउने समय छ । समाजमा तारिफयोग्य काम गर्दै राम्रो उपलब्धि हातपार्न सकिनेछ ।

### बृश्चिक

पहिलेका समस्या दोहोरिनाले उत्साहमा कमी आउला । गोपनीयता बाहिरिनाले समस्या पर्न सक्छ । स्वास्थ्यमा निकै नै ध्यान पुर्‍याउनुहोला । सानातिना काममा अल्झनुपर्दा ठूलो काम रोकिन सक्छ । आशा देखाउनेहरूको भरपर्दा धोका पाइएला । खर्च बढ्नाले अर्थ अभाव महसुस हुनेछ । आफ्ना कमजोरीको फाइदा अरूले उठाउने चेष्टा गर्ने हुँदा सजग रहनुहोला ।

### धनु

बेसुरमा दिएको वचनले समस्या निम्त्याउन सक्छ । परिवेश उल्लासमय रहे पनि जीवनशैली व्यस्त रहनेछ । मनोरञ्जनमा अलमलिँदा लक्ष्यमा पुग्न विलम्ब हुनेछ । परिस्थिति अनुकूल रहे पनि भौतिक सुविधाले खर्च निम्त्याउन सक्छ । बलभन्दा बुद्धिको उपयोगले धेरै समस्या सुल्झाउन सकिनेछ । सुन्दर पहिरनका साथ व्यक्तित्व निखार्ने अवसर प्राप्त हुनेछ ।

### मकर

वैधानिक प्रावधानले लक्ष्यमा पुग्न अप्ठ्यारो पार्नेछ । अधिकार सुरक्षा गर्न जुट्नुपर्नेछ । केही चुनौतीहरू देखिनेछन् । काममा सोचेको फाइदा उठाउन नसकिएला । प्रतिस्पर्धी बढ्नाले समस्या थपिएलान् । चिताएका काममा बाधा पुर्‍याउनेहरू प्रशस्तै हुनेछन् । अप्ठ्यारो परिस्थिति सामना गर्नुपर्ला । फजुल खर्चका साथै ठगीमा परिने योग भएकाले होसियार रहनुहोला ।

### कुम्भ

प्रयत्न गरेका काम सजिलै सम्पादन हुनेछन् । अध्ययनमा राम्रो उपलब्धि हासिल गर्न सकिनेछ । बौद्धिक प्रतिस्पर्धामा विजयी भइनेछ । प्रतिष्ठित काम सम्पादन गर्ने मौका छ । सेवामूलक कामबाट धनलाभ हुनेछ । स्वास्थ्य सबल रहनेछ । पशुपालन तथा कृषि क्षेत्रबाट पनि राम्रो लाभ मिल्नेछ । सन्तान वा अनुयायीले राम्रो साथ दिनेछन् । फाइदाको स्रोत पहिल्याउन सकिनेछ ।

### मीन

तत्कालको फाइदा हेर्दा परिस्थिति बिग्रन सक्छ । धेरै फाइदा उठाउन नसकिए पनि समस्या सुल्झनेछन् । पहिलेका कमजोरी सुधार गर्ने अवसर प्राप्त हुनेछ । भूमि तथा पशुधनबाट लाभ मिल्नेछ । टाढिएका आफन्त नजिकिन सक्छन् । पुरानो सम्झौता भंग हुन सक्छ । शुभचिन्तकहरूलाई साथ लिएर काममा जुट्नुहोला, महत्त्वाकांक्षी योजना सम्पादन हुने समय छ ।

## इन्स्पाइरिङ युथको ७५ औं शृङ्खला हुँदै

बासद्वारा साप्ताहिक रुपमा सञ्चालित इन्स्पाइरिङ युथ ( कार्यक्रमले ७४ औं शृङ्खला पूरा गरेको छ । युवाहरुलाई सकारात्मक कार्यमा लाग्न अभिप्रेरित गर्ने, कर्तव्यशील, इमान्दार, अनुशासित र कर्मशील युवा बन्न उत्प्रेरित गर्ने, उत्प्रेरणा र सशक्तिकरणका माध्यमबाट युवा शक्तिलाई समाज विकासमा परिचालन गर्ने, समृद्ध राष्ट्र निर्माणका लागि युवा शक्तिको सहभागिताका लागि अभिप्रेरित गर्ने उद्देश्यले सञ्चालन गरिएको उक्त कार्यक्रममा महिनाको पहिलो हप्ता सहभागीहरु बीच डिबेट दोस्रो हप्ता फरक, फरक क्षेत्रका मोटिभेटरद्वारा मोटिभेसनल स्पिच तेस्रो हप्ता फरक, फरक क्षेत्रका सफल, उदाहरणीय, बौद्धिक व्यक्तित्वद्वारा सफलताको कथा वाचन, महिनाको चौथो हप्ता युवाहरुलाई नेतृत्व विकासबारे तालिम प्रदान गरिदै आएको छ भने सहभागिहरुमा भएको ज्ञान र क्षमता आदानप्रदान गर्ने कार्य समेत गर्ने गरिएको छ ।

७५ औं शृंङ्खला यही फागुन १२ गते बासले बिशेष कार्यक्रमका साथ गर्ने भएको छ । सिएसटि होटेल एण्ड पार्टी प्यालेसमा आयोजना हुने कार्यक्रममा चर्चित नायिका सञ्चिता लुईंटेल र मोटिभेसनल स्पिकर सृष्टि के.सी.को बिशेष उपस्थिति रहनेछ ।

४०० बढी युवा तथा विभिन्न क्षेत्रका व्यक्तित्वहरुको सहभागितामा सम्पन्न हुने कार्यक्रममा लुईंटेल र के.सी.ले उत्प्रेरक प्रवचन दिनेछन् । कार्यक्रममा हालसम्म उत्प्रेरणात्मक प्रवचन दिने व्यक्तित्वहरुलाई मायाको चिनो प्रदान गरिनेछ ।

२०७३ जेष्ठ १ गतेदेखि सुरु भएको कार्यक्रममा हालसम्म ३००० बढीले सहभागिता जनाइसकेका छन् । नेपालगञ्जका सफल तथा उत्प्रेरक वक्ताहरुले प्रवचन दिइसकेको उक्त कार्यक्रममा यस अगावै राष्ट्रिय सूचना आयोगका प्रमुख आयुक्त कृष्णहरि बास्कोटा, नायक जीवन लुईंटेल, वरिष्ठ म्याराथन धावक बैकुण्ठ मानन्धर, कथाकार महेशविक्रम शाह, पूर्व सामान्य प्रशासन मन्त्री लालबाबु पण्डित, चर्चित म्यागसेसे पुरस्कार विजेता महावीर पुनलगायतको उपस्थितिमा विशेष कार्यक्रम सम्पन्न भइसकेको छ ।

**कार्यक्रमका अतिथिहरुको परिचय**

१. **सञ्चिता लुईंटेल** : नेपाली अभिनेत्री सञ्चिता लुईंटेल नेपाली चलचित्र उद्योगको सुन्दर र प्रतिभाशाली अभिनेत्री हुन् । कलाबाट स्नातक गरेकी उनी नेपाली चलचित्र उद्योगकी चर्चित नायिका हुन् । माधव लुईंटेल र शारदा लुईंटेलकी छोरी सञ्चिताले २०५८ सालमा चलचित्रमा डेव्यु गरेकि हुन् । उनको पहिलो चलचित्र अप्सारा हो । १८ बर्षको हुँदा पहिलो चलचित्र खेलेकि उनले यसै क्षेत्रमा दशक बिताइसकेकी छिन् । यो अवधिसम्म आइपुग्दा उनले अभिनय गरेका चलचित्रको संख्या ८० भन्दा बढी भइसक्यो । अप्सरा, आशीर्वाद, मुनामदन, भन्नै सकिन, माया नमार, आमाको आशीर्वाद, दासढुङ्गा, छोडिगए पाप लाग्ला, कोही मेरो, माया त माया हो, पर्खिराख है उनले अभिनय गरेका प्रमुख तथा चर्चित चलचित्र हुन् । हाल सञ्चिता चलचित्र अभिनयका साथै युवाहरुलाई उत्प्रेरणा प्रदान गर्ने कार्यमा सक्रिय छिन् ।

२. **सृष्टि के.सी.** : सृष्टि एक दृष्टिहीन युवा हुन् । जसले चिकित्सकले दिएको गलत औषधिका कारण १६ बर्षको कलिलो उमेरमा उनले दुईवटै आँखाको ज्योती गुमाएकि थिईन् । सानै उमेरमा भएको बज्रपातलाई उनले सकारात्मक तवरले सामाना गरिन् र नयाँ जीवन यापन गरिन् । सामान्यतया अहिले पनि दृष्टिबिहिनहरूलाई दया र दानको पात्रको रुपमा चित्रित गरिन्छ, त्यो मान्यतालाई उनले गलत सावित गरिदिईन् । उनले उच्च शिक्षा हाँसिल गर्नुका साथै ब्लाइन्ड रक नामक संस्था स्थापना गरि दृष्टिबिहिन व्यक्तिहरुका लागि काम गरिरहेकि छिन् । कुशल नृत्याँगना सृष्टि मोटिभेसनल स्पिकर हुन् । उनकै बिषयबस्तुलाई लिएर अहिले ब्लाइन्ड रक चलचित्र निर्माण भइरहेको छ । जुन चलचित्र फाल्गुण १८ गतेदेखि रिलिज हुँदैछ ।

## अनमोलको स्टारडम “कृ”

अनमोलसँग काम गर्ने नायिकाहरु अहिले नेपालका उत्कृष्ट ‘टप १०’ भित्र पर्छन् । ‘ड्रिम्स गर्ल’ साम्राज्ञी राज्यलक्ष्मी शाह, अनमोलसँग काम गरेका नायिकाहरुमध्ये अहिलेकी सबैभन्दा डिमाण्डेड अभिनेत्री हुन् । यस्तै, हाल प्रदर्शनरत फिल्म ‘कृ’ बाट नेपाली फिल्म क्षेत्रले अर्को नयाँ नायिका पाएको छ- अदिती बुढाथोकी । इन्स्टाग्राममा लाखौं फलोअर्सकी धनी अदितीलाई ‘कृ’ भन्दा अगाडि अनमोलकै जोडीको रुपमा फिल्म ‘ड्रिम्स’ अफर गरिएको थियो । तर, उनले अस्वीकार गरिन् । उनी दोस्रो पटक पनि नेपालका सर्वाधिक चर्चित युवा स्टारको फिल्म लत्याउने सोचमा थिइन् । तर, परिवारको आग्रहमा उनले ‘कृ’ साइन गरिन् । उनलाई अनमोलको स्टारडमले आफू ओझेलमा पर्ने ठूलो डर थियो । अन्ततः लामो प्रतिक्षापछि फिल्म रिलिज भयो । फिल्मबाट निर्माता ‘सेल्फ ल्यान्डिङ’ पनि भए । तर, के ‘कृ’ ले अदितीलाई स्टार बनायो त ? प्रश्न उब्जिएको छ । फिल्म हेरेका अधिकांश दर्शकले अनमोलको लुक्स, छायांकन, एक्सन, लोकेशन लगायतको तारिफ गरे । अदितीको अभिनयलाई ‘वाउ’ भन्ने दर्शक कमै भेटिए । फिल्म रिलिज अगावै अदितीसँग अनमोलको जोडी नसुहाउने चर्चा चलेको थियो । त्यो फिल्म रिलिजपछि पनि दोहोरियो ।

## छवि देश दौडाहामा

गएको वर्ष ‘किस्मत २’ लिएर आएकी अभिनेत्री शिल्पा पोखेलको रिलिजको दिन कुरेर बसेको नयाँ फिल्म हो ‘मंगलम’ । निर्माता छविराज ओझाको ब्यानरमा भित्रिएपछि सफलताको मात्र छडी समातेर अगाडि बढिरहेकी शिल्पाले यो फिल्मबाट पनि ठूलो आश बोकेकी छिन् । चर्चामा रहेको ‘पर्ख पर्ख मायालु’ बोलको गीतका कारण पनि ‘मंगलम’ बक्स अफिसमा हिट हुने धेरैको अनुमान छ । यस्तैमा प्रचारप्रसारलाई आक्रामक बनाउन फिल्मको टिम मोफसल यात्रामा निस्केको छ ।

निर्माता छविराज ओझा, निर्देशक नवल नेपाल, अभिनेत्री शिल्पा पोखेल, नायक पुष्प खड्का लगायतको युनिटले पूर्वको धरानबाट प्रचारलाई तिब्रता दिएको हो ।

फिल्म युनिट धरानबाट इटहरी, दमक, बिर्तामोड, चितवन, हेटौंडा हुँदै पोखरा पुग्ने छ । नवल नेपाल निर्देशित फिल्मले पारिवारिक प्रेम कथालाई बोलेको छ ।

(एजेन्सीहरुबाट)

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Caustic = पोल्ने वा घोच्ने किसिमको The critic's caustic remark made his novel even more popular (समालोचकको तिखो आलोचनाले त झन् उसको उपन्यासलाई बढी लोकप्रिय बनाइदियो)

Denigrate = कालो बनाउनु । चरित्र हत्या गर्नु His every attempt to denigrate the character of his boss failed (आफ्नो हाकिमको चरित्रहत्या गर्ने उसका हरेक प्रयास असफल भएका छन)

Elegy = विरही गीत वा कविता On the death of the beloved leader, the renowned musician composed an elegy (आफ्नो प्रिय नेताको मृत्युमा प्रख्यात संगीतकारले विरही गीत रचना गरे)

Felicitous = मिलाएर भन्न जान्ने । अभिव्यक्ति वा शब्द चयन गर्न जान्ने कला He is always chosen as master of the ceremony for his felicitous ability (शब्द वा अभिव्यक्ति चयन गरी बोल्न जान्ने उनको योग्यताले गर्दा सभा सम्मेलन संचालन गर्ने काममा सधैंजसो उनी नै छानिन्छन्)

Grandiloquent = क्लिष्ट शब्द प्रयोग गर्ने प्रवृत्ति Being a politician he should be simple in his expression not grandiloquent (राजनीतिज्ञ भएर उनले आफ्ना अभिव्यक्ति सादा बनाउनु पर्दछ क्लिष्ट होइन)

Hoard = अनावश्यक रूपले थुपार्ने The merchants hoard the goods to create artificial shortage to inflate the price (मूल्य बढाउने हेतुले व्यापारीहरू आफ्नो गोदाममा वस्तुहरू थुपारी कृतिम अभाव सृजना गर्दछन्)

Impassive= प्रतिक्रियाविहीन, भावनाविहीन The accused was totally impassive even if the judge sentenced him to ten years in prison (न्यायाधीशले दश वर्षको कैदको सजाय सुनाउँदा पनि दोषीले कुनै पनि प्रतिक्रिया देखाएन)

Jabber= छिटो तर अशुद्ध बोल्ने । बडबडाउनु Why should he jabber in English if does not know even normal grammatical rules (यदि साधारण व्याकरणको नियम थाहा छैन भने उसलाई किन अंग्रजीमा बडबडाउनु परेको होला )

Kinetic = घुम्दा गति उत्पादन गर्ने शक्ति Without kinetic energy an airplane can't fly (आफैं घुम्दा निस्कने शक्ति विना हवाइजहाज उड्न सक्तैन)

Lethargic = अल्छी, जोश र जाँगर नभएको One can not expect creativity from a lethargic person like him (ऊ जस्तो जोश र जाँगर नभएको मानिसले केही सृजना गर्ला भनी कसैले आशा पनि राख्न सक्तैन)

## नेपालमा कसले के बनाए ?

| | |
|---|---|
| वसन्तपुरको नौतले दरबार | ● पृथ्वीनारायण शाह (वि.सं.१८२९) |
| नुवाकोटको दरबार र तिलंगा घर | ● पृथ्वीनारायण शाह |
| पाटनको कृष्ण मन्दिर | ● सिद्धिनरसिंह मल्ल (वि.सं.१६९३) |
| भक्तपुरको ५५ झ्याले दरबार, न्यातपोल देवल र भैरव मन्दिर | ● भूपतिन्द्र मल्ल |
| रानीपोखरी | ● प्रताप मल्ल (वि.सं. २०२०) |
| असन केलटोलको तिलंगा घर | ● अभिमानसिंह बस्नेत |
| मानगृह | ● मानदेव |
| भक्तपुरको दत्तात्रेयको मन्दिर | ● यक्ष मल्ल |
| सुनधारा, धरहरा र बागदरबार | ● भीमसेन थापा |
| सिंहदरबार | ● चन्द्रशमशेर |
| टुँडिखेल नजिकको जगन्नाथ मन्दिर | ● रणबहादुर शाह |
| बालाजुको २१ धारा | ● जयप्रकाश मल्ल |
| बालाजुको एउटा धूलो धारा | ● रणबहादुर शाह |
| तुलजा भवानीको मन्दिर | ● महिन्द्र मल्ल |
| पशुपति अगाडिको बसाह | ● जगतजंग |
| अशोक स्तम्भ (लुम्बिनी) | ● सम्राट अशोक |
| पशुपति देवल | ● राजा सुपुष्प |
| पशुपति मन्दिर | ● राजा प्रचण्डदेव |
| काठमाडौं सहरको स्थापना | ● गुणकामदेव वा लक्ष्मीकामदेव |
| ललितपुर सहरको स्थापना | ● वीरदेव |
| भक्तपुर सहरको स्थापना | ● आनन्ददेव |

## Look बाट के के कुरा भन्न सकिन्छ थाहा पाइ राख्नुहोस

Look alive = चंख, चालु, सक्रिय वा ज्यूँदो देखिनु You look very alive today तिमी त आज ज्यादै चालु देखिन्छौ ।

Look after = स्याहार गर्नु She works outside and thus can not look after her children well तिनी बाहिर काम गर्न जाने हुँदा आफ्ना बच्चाको हेरचाह गर्न सक्दिनन् ।

Look at = घोरिएर हेर्नु He always looks at me ऊ सधैं मतिरै घोरिएको हुन्छ ।

Look ahead = दूरदर्शी हुनु । पहिलेबाटै सोच्नु Have you already look ahead what you will do after completing the study ? अध्ययन सकेपछि के गर्ने भन्नेबारे तिमीले अहिलै केही सोचेका छौ ?

Look back = इतिहास केलाउनु If I look back to my student life, I have never imagined that one day I could become a professional मेरो विद्यार्थी जीवनलाई फर्केर हेर्ने हो भने आज म पेशागत रुपबाट दक्ष हुँला भनेर मैले कैले सोचेको थिइन ।

Look bad / Not look good = नराम्रो ठानिनु It looks bad if you do not join your own brother's wedding party आफ्नै भाइको विवाहको भोजमा सामेल नहुनुलाई राम्रो ठानिन्न ।

Look down on = होच्याउनु Coming form a feudal family it is his tendency to look down on everyone सामन्ती परिवारबाट आएको हुँदा हरेकलाई होच्याउनु उसको प्रवृत्ति नै हो ।

Look like= उस्तै देखिनु She looks completely like her mother तिनी ठ्याक्कै आफ्नी आमा जस्तै देखिन्छिन् ।

Look alike= सक्कलको हुनु He is prime-minister's look-alike ऊ प्रधानमन्त्रीकै सक्कलको छ ।

Look for = खोज्नु She is looking for a job nowadays आजकाल तिनी कामको खोजीमा छिन् ।

## सुडोकु-अंक ९२

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | ५ | | ६ | २ | |
| १ | | ५ | | | | | | |
| ६ | | | २ | ४ | | | १ | |
| | | | ७ | | ५ | ३ | | |
| ८ | | ९ | | | | ५ | | ४ |
| | | ६ | ३ | | ४ | | | |
| | ५ | | | ६ | ९ | | | २ |
| | | | | | | ८ | | ६ |
| | ६ | ४ | | ७ | | | | |

## अंक ९१ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४ | ७ | १ | २ | ९ | ६ | ५ | ३ | ८ |
| ५ | ८ | ९ | ३ | १ | ४ | ६ | ७ | २ |
| ३ | २ | ६ | ५ | ७ | ८ | १ | ९ | ४ |
| १ | ६ | ५ | ४ | ३ | ९ | २ | ८ | ७ |
| ७ | ४ | ३ | ८ | २ | ५ | ९ | १ | ६ |
| ८ | ९ | २ | ७ | ६ | १ | ३ | ४ | ५ |
| २ | ५ | ७ | १ | ८ | ३ | ४ | ६ | ९ |
| ६ | १ | ८ | ९ | ४ | २ | ७ | ५ | ३ |
| ९ | ३ | ४ | ६ | ५ | ७ | ८ | २ | १ |

# क्षमता अभिवृद्धि तालिमका झलक


















## किशोरकिशोरीहरुका लागि क्षमता अभिवृद्धि तालिम सम्पन्न



बाल विकास समाजले विद्यालय युवा सशक्तिकरण कार्यक्रम अन्तर्गत सामुदायिक विद्यालयमा अध्ययन गर्ने किशोरावस्थाका विद्यार्थीहरूका लागि क्षमता अभिवृद्धि तालिम सञ्चालन गरी उनीहरूलाई जोखिम पूर्ण व्यावहारबाट संरक्षण हुन सहयोग पुऱ्याउँदै आइरहेको छ । बाल अधिकार, बाल दुर्व्यवहार, बाल यौन दुर्व्यवहार, एच. आइ. भी. एड्स बाल हिंसा तथा महिला हिंसा, गलत साथीबाट जोगिने उपाय, कुलतबाट बच्ने उपाय, जीवन उपयोगी सीप लगायतका विषयमा हरेक महिनाको प्रत्येक शनिबार यस संस्थाको केन्द्रीय कार्यालय कपनमा तालिम सञ्चालन संस्थाको आयोजनामा भइरहेको छ । तालिममा ११ देखि १९ वर्षसम्मका विद्यार्थीहरू सहभागी हुने गर्दछन् ।

यसैगरी ग्राम शिक्षा मन्दिर उच्च माद्यामिक विद्यालयका २४ जना ११ वर्षदेखि १९ वर्षसम्मका किशोरकिशोरीहरूका लागि क्षमता अभिवृद्धि तालिम सम्पन्न भएको हो । उक्त तालिम सञ्चालनका लागि लाग्ने खर्चको ५० प्रतिशत लागत रकम सुरेन्द्र ढकाल प्रतिष्ठानले सहयोग गरेको हो । सुरेन्द्र ढकाल प्रतिष्ठानको आर्थिक सहयोग तथा बाल विकास समाजको आयोजनामा जीवनोपयोगी सम्बन्धमा तालिम सञ्चालन गरिएको हो । तालिम जम्मा १२ हप्तासम्म नियमित रूपमा चल्नेछ । तालिममा जीवन उपयोगी सीपका फरक फरक विषयका बारेमा हरेक हप्ता सञ्चालन गपरन्छ ।

तालिममा तालिममा विद्यार्थीहरूले सक्रिय रूपमा सहभागिता जनाएका थिए । यस किसिमको तालिमबाट धेरै कुराको ज्ञान हासिल गर्ने मौका पाइने हुनाले यस तालिममा नियमित रूपमा सहभागी हुने कुरा विद्यार्थीहरूले बताएका थिए ।

तालिमबाट विभिन्न अप्ठयारो परिस्थतिबाट जोगिने उपाय सिक्दै बाल दुर्व्यवहारको विरूद्धमा उजुरी गर्ने तरिकाको समेत ज्ञान हासिल हुने हुनाले हामी किशोरावस्थाका विद्यार्थीहरूका लागि एकदमै उपयोगी हुने कुरा सहभागीहरूले बताएका थिए ।

दौतरीको माध्यमबाट बालबालिकाहरूलाई चेतनशिल बनाउने राम्रो कार्यको रूपमा यस तालिमलाई हेरिएको छ । यो क्षमता अभिवृद्धि तालिम प्रभावकारी रूपमा सञ्चालन भएको अवस्थामा पक्कै पनि सामुदायिक विद्यालयका बालबालिकाहरूलाई विभिन्न समस्याबाट जोगिनका निम्ति सहज हुने देखिन्छ । बाल विकास समाजको आन्तरिक स्रोतबाट सञ्चालित यो कार्यक्रमलाई यो वर्ष सुरेन्द्र ढकाल प्रतिष्ठानले सहयोग गरेको हो । संस्थाका तालिम अधिकृतको सहजीकरणमा सञ्चालित तालिम अहिले तेस्रो हप्ता सकिएको छ ।

**बाल क्लव पुनर्गठन तथा धन्यवाद पत्र प्रदान**

बाल विकास समाज र सुरेन्द्र ढकाल प्रतिष्ठानको संयुक्त प्रयासमा सञ्चालित बाल क्लव सहयोग कार्यक्रम अन्तर्गत संस्थाले बाल भेलाको आयोजना गरी बाल क्लव पदाधिकारीहरूको पुनर्गठन गरेको छ । ५ वटा सामुदायिक विद्यालयमा अध्ययनरत ३० जना बालबालिकाहरूको सहभागिता कार्यक्रममा रहेको थियो । संस्थाका कार्यक्रम निर्देशक किरण थापाको उपस्थितीमा कार्यक्रमको सुरू गरिएको थियो ।

निर्देशक थापाले सबै बालबालिकाहरूलाई स्वागत गर्दै व्यापक रूपमा छलफलमा सहभागी भइ पदाधिकारीको चयन गर्नका लागि सबैलाई आग्रह गर्नु भएको थियो । संस्थाका कर्मचारीको सहजिकरणमा बालक्लव तथा बाल अधिकारका बारेमा छलफल भएको थियो । सोही छलफल पश्चात जनकल्याण उच्च माद्यामिक विद्यालयमा अध्ययन गर्ने निशा तामाङको अध्यक्षतामा ९ सदस्यीय बाल विकास बाल क्लवको पुनगर्ठन भएको हो । बालक्लव पुर्नगठन भए पछि एक कार्यक्रमको आयोजना गरी नयाँ पदाधिकारीहरूलाई बाल सल्लाहकार समिति संयोजक सन्तोषी गुरूङले टिका तथा खादा लगाइ स्वागत गर्नु भएको थियो । साथै नयाँ पदाधिकारीहरूलाई बालक्लवको फोन तथा माइन्यूट समेत हस्तान्तरण गरिएको थियो । उक्त सामग्री बाल विकास बाल क्लवका पूर्व अध्यक्षले हस्तान्तरण गर्नु भएको थियो । त्यसैगरी पूर्व बाल विकास बाल क्लवका पदाधिकारीहरूलाई बाल विकास समाजको तर्फबाट धन्यवाद पत्र प्रदान गरिएको थियो । उक्त पत्र बाल विकास समाजका कार्यक्रम व्यवस्थापक प्रदिप श्रेष्ठले वितरण गर्नु भएको थियो । ७ जना पूर्व पदाधिकारीहरूले सो पत्र प्राप्त गरेका थिए । धन्यवाद पत्र प्राप्त पछि बाल विकास समाजलाई सहभागीहरूले धन्यवाद दिएका थिए ।

**प्रस्तुति : गोविन्द वि क**

## भारतीय...

संसदले अस्वीकृत गरेर सेलाइसकेको संविधान संशोधनको मुद्दा फेरि उठाइनु भारतीय संस्थापन पक्षलाई खुसी पार्नका लागि मात्र हो भन्ने आम बुझाइ छ। भारतले अहिलेसम्म नेपालको संविधानलाई खुलेर स्वागत गरेको छैन। संविधान जारी भएको 'नोटिस' मात्र राखेको छ। सार्वभौम असहमतिका बुँदाहरु राखेर नेपालमाथि अघोषित नाकाबन्दी लगाएको यहाँ स्मरणीय छ।

भारतले नेपालको तराई भूभागलाई आफ्नो मानचित्रमा गाभ्ने धृष्टता भारत स्वतन्त्र भएदेखि नै गर्दै आएको छ। सन् १९७५ मा स्वतन्त्र पहाडी मुलुक सिक्किमलाई भारतमा विलय गरेपछि तत्कालीन प्रधानमन्त्री इन्दिरा गान्धीले तराई भूभागलाई नेपालबाट अलग गर्ने जासुसी संस्था रअका संस्थापक प्रमुख काओलाई आदेश दिएकी थिइन्। गान्धीले नेपाललाई लिन सैन्यबल आवश्यक नपर्ने जनमतबाटै लिन सकिने भारतीय लोकसभामा भनेकी थिइन्। भारतले पहिले नेपाललाई फिजीकरण गर्ने र पछि सिक्किमीकरण गर्ने रणनीति तय गर्दै आएको छ।

हरेक निर्वाचनका पूर्वसन्ध्यामा आप्रबासी हजारौं भारतीयहरुलाई नेपाली नागरिकता बाँडिएको छ। भारतीय गृहमन्त्री राजनाथ सिंहले तराईमा एक करोड भारतीय रहेको नाकाबन्दीताका खुलासा गरेका छन्। भारतले पहिले तराईमा एक मधेस प्रदेश भन्दै आएको थियो। पश्चिमका भूमिपुत्र थारुहरुले विरोध गरेपछि तराईमा दुई प्रदेश हुनुपर्ने भारतीय ठम्याइरह्यो। संविधान संशोधन गरी ५ नं. प्रदेशका पहाडी जिल्लाहरुलाई तराईका जिल्लाबाट अलग गर्ने प्रपञ्च रचिँदैछ।

पूर्व झापादेखि सुदूरपश्चिम महेन्द्रनगरसम्मको भूभागलाई एक मधेस एक प्रदेश बनाउने र कालान्तरमा नेपाली नागरिकता हात पारेका भारतीयहरुको भोटिङबाट मधेसलाई भारतको मधेसाञ्चल बनाउने भारतीय संस्थापन पक्षको ग्रान्डडिजाइनलाई सहयोग पुऱ्याउन संविधान संशोधनको रैलो मच्चाउन फेरि सुरु गरिँदैछ। संविधान अपरिवर्तनीय दस्तावेज होइन। समय, आवश्यकता र जनचाहनाअनुरुप संविधान संशोधन हुने विश्वव्यापी प्रचलन रहेको छ। तर नेपालको संविधान स्थानीय, प्रदेश र संघीय संसद तीन तहको चुनाव सकेर भर्खर कार्यान्वयन तहमा मात्र आएको छ। संक्रमणकालको अन्त्य भएर मुलुक संघीयताको भारी बोकेर घस्रँदैछ। राजनीतिक कोर्स पूरा गरी देश अब आर्थिक विकासमा छलाङ मार्नुपर्नेमा फेरि संविधान संशोधनको घनचक्करमा फस्नु कदापि राम्रो होइन।

भारतले नेपाललाई भुटानजस्तै आफ्नो संरक्षित राज्य बनाएर राख्ने मुराद पालिरहेको छ। भारतीय विदेशमन्त्री सुष्मा स्वराजले नेपालको विदेश र रक्षा नीतिबारे चासो व्यक्त गरेर नेपाली स्वतन्त्रता र स्वाधीनतामाथि हस्तक्षेप गरिसकेकी छिन्। नेपाललाई आफ्नो कठपुतली बनाउने, चीनसँग सहकार्य गर्न नदिने, विकास र समृद्धि हुनै नदिने, तराई भूभागलाई पृथक गराउने, नेपालको वन र जलस्रोतको दोहन गर्ने भारतीय रोडम्यापमा चल्न के ओली तयार छन् ? सर्वत्र जिज्ञासाको विषय बनेको छ।

## अटेरी...

पेन्सनको निरन्तरताको अवसर पाउनका लागि उमेर हदबाट अवकाश हुन लागेका कर्मचारीहरुले पनि मौकामा चौका हान्ने प्रयास गरेर स्वेच्छिक अवकाशको बाटो रोजेका छन्। स्वेच्छिक अवकाशका लागि चार हजार सात सय ६४ जनाले निवेदन दिएका छन्। निजामती कर्मचारीका संघ संगठनहरु अहिले पनि सरकारसँग बार्गेनिङ गरिरहेका छन्। प्रदेशमा खटिएर जाँदा एक तह प्रोमोसन चाहिने मुख्य माग उनीहरुको रहेको छ।

राजनीतिक परिवर्तनको सबैभन्दा बढी फाइदा उठाउँदै आएका कर्मचारी वर्गले फेरि पनि गतिलै फाइदा उठाउने प्रयास गरेका छन्। सरकारले खटाएको ठाउँमा नजानेलाई तत्काल कारबाही गर्ने भनेपछि केही कर्मचारी कार्यक्षेत्रमा जान थालेका छन्। निजामती कर्मचारीलाई ट्रेड युनियन अधिकार दिनु हुँदैन भनेर अहिले आवाज उठिरहेको छ। यसै सम्बन्धमा सर्वोच्च अदालतमा रिट निवेदन समेत परेको छ। कर्मचारीलाई राजनीतिक दलका झन्डा बोकाएको परिणाम महँगो सावित भएको छ।

## सिरियामा...

मानव अधिकार र प्रजातन्त्रका ठेकेदार ठान्ने शक्ति राष्ट्रहरुलाई सिरियाको नरसंहारले खिज्याइरहेको छ। सिरियामा गृहयुद्ध सुरु भएयता चार लाख ५० हजार सिरियाली मारिएका छन्। सिरियाको जनसंख्याको आधाभन्दा बढी झन्डै १ करोड २० लाखभन्दा बढी मानिस विस्थापित भएका छन्। अंगभंग हुनेहरुको संख्या लाखौं अनुमान गरिएको छ। टर्की, जोर्डन र इराकमा शरणार्थीका रुपमा जाने सिरियालीको संख्या विश्व इतिहासमै डरलाग्दो मानिन्छ।

सिरिया, इराक र इजरायल जस्ता यृद्धबाट गुज्रिरहेका देशहरुको बीचमा रहेका कारण सामरिक दृष्टिले मध्यपूर्वको महत्वपूर्ण केन्द्र मानिन्छ। सन् १९४६ मा फ्रान्सेली उपनिवेशबाट मुक्त भएको सिरियामा धेरै पटक सैनिक विद्रोह समेत भएको छ। १९६७ मा इजरायल अरब युद्धमा सिरियाले गोलनहाइट र सिनाई गुमायो। यी भूभागमाथि अहिले इजरायलको आधिपत्य छ। १९७१ म बाघ पार्टीका नेता हाफेज अल असद सत्तामा पुगे। हाफेजले झन्डै ३० वर्ष सिरियाको राष्ट्रपति पद सम्हाले। उनले सिरियामा राजनीतिक स्थिरता र सुधारका थुप्रै कामहरु गरे र मध्यपूर्वमा लोकप्रियता कमाए। सन् २००० मा हाफेजको निधन भयो र उनको बिँडो थाम्दै बसर अल असद सिरियाली राष्ट्रपति बने। असद साम्राज्यवाद प्रायोजित गृहयुद्धको सामना गर्दै विश्वभर चर्चाको शिखरमा छन्।

सिरियामा बाघ पार्टी र साना ६ पार्टीको गठबन्धन सरकार अस्तित्वमा छ। जसको सैद्धान्तिक आधार सामाजिक अरेबियन राष्ट्रवाद हो। पश्चिमा साम्राज्यवाद विरोधी देशका रुपमा परिचित सिरियाले आफूलाई धर्मनिरपेक्ष घोषणा गरेको छ। यद्यपि सिरियामा ९७ प्रतिशत मुस्लिम बसोबास गर्छन्। ७ वर्षमा राष्ट्रपति ४ वर्षमा संसदको निर्वाचन हुन्छ। संसदमा ५० प्रतिशत किसान र मजदुरको प्रतिनिधित्व अनिवार्य छ। वामपन्थी पार्टी समेत सरकारमा संलग्न छन्। सन् २०११ को अरब क्रान्तिले ट्युनिसिया र इजिप्टमा राजनीतिक परिवर्तन गराए पनि असद सत्ता भने हल्लिएन। गृहयुद्ध चलिरहेकै बेला इस्लामिक स्टेटको थप आक्रमण सिरियाले व्यहोर्नु पऱ्यो। सिरिया र इराकको केही भूभागमाथि आइएसले नियन्त्रणमा लिन सफलता पायो। एकातर्फ पश्चिमा शक्ति राष्ट्रहरुको लगानीमा विपक्षी विद्रोहीहरु असद सत्ता विरुद्ध लड्दै छन्। अर्कोतर्फ आइएससँग सिरियाली सेना जुधिरहेको छ। सिरियाको अपार तेल भण्डार कब्जा गर्न अमेरिका सिरियालाई अर्को लिबिया बनाउन खोज्दैछ। असदको राजीनामा मुख्य माग विद्रोहीले गरे पनि असद टसमस भएका छैनन्।

## फेरि...

तथा उपकरणहरु ओसारिरहेको छ। जिल्ला प्रशासन कार्यालय दार्चुलाले भारतले गरिरहेको बाटो निर्माणबारे गृह मन्त्रालयलाई जानकारी गराइसकेको प्रमुख जिल्ला अधिकारी जनार्दन गौतम बताउँछन्।

## मालेको...

न्यायाधिस सहभागी बेञ्चले प्रधान न्यायाधिसको जन्ममिति विवाद प्रकरण सम्बन्धमा दिएको अन्तरिम आदेशप्रति हाम्रो गंभीर ध्यानाकर्षण भएको छ। कुनै व्यक्ति बिषेशसंग सम्बन्धित समाचार सञ्चार माध्यमले प्रकाशन एवम् प्रसारण गर्न नपाउने आशयले दिईएको यो आदेशले प्रेसमाथि अंकुश लगाउन खोजेको छ। अविलम्व उक्त आदेश सच्चाइयोस् भनि हामी जोडदार माग गर्दछौं।'

यसैगरी पार्टीको प्रशिक्षण सम्पन्न भएको बारे पनि विज्ञप्तिमा उल्लेख गर्दै भनिएको छ- 'पार्टीको सातौं केन्द्रीय कमिटीको सातौं पूर्ण वैठकको निर्णयानुसार मुलुकका सातवटै प्रदेश स्तरीय प्रशिक्षण कार्यक्रमहरु सफलतापूर्वक सम्पन्न भएका छन्। अव पार्टीका समस्त प्रदेश र जिल्ला कमिटीहरु २०७४ चैत्र १, २ र ३ गते दाङको घोराहीमा हुने राष्ट्रिय परिषद अधिवेशनमा जुट्ने निर्णय गरिएको कुरा यस प्रेस विज्ञप्ति मार्फत् सार्वजनिक गरिन्छ।' सिरियामा भइरहेको बालबालिकाको नरसंहारप्रति मैनालीले विज्ञप्तिमा भर्त्सना गर्दै भन्नुभएको छ- 'हालै अमेरिकी नेतृत्वको हवाई सेनाले सिरीयाको पूर्वी देर अजोर प्रान्तमा गरेको हमलामा तथा त्यहाँको सरकारी सेनाले राजधानी दमासकसको पूर्वी भू-भागमा पर्ने गुटामा बिद्रोहीहरुको अखाडा रहेको भनी गरेको आक्रमणबाट स-साना बालबालिका सहित सैयौं सर्वसाधारणको मृत्यु भएको छ। द्वन्दसंग असम्बन्धित रहेका बालबालिका र सर्वसाधारणको मृत्युको नेकपा (माले) निन्दा र भर्त्सना गर्दछ। हाम्रो पार्टी सिरियामा अविलम्व युद्धविराम घोषणा गर्न र वार्ताद्वारा शान्तिपूर्ण ढंगले राजनीतिक निकास निकाल्न द्वन्दरत दुवै पक्षलाई जोडदार अपील गर्दछ।'

नियात्रा

# बेलायतको सेरोफेरो-१५

**खोमदत्त बराल**



हिटलरलाई वास्तवमा धेरैले तानाशाह भन्छन्।युद्ध सरदारका नाताले हिटलरलाई अनादर गर्नेहरु पनि कम छैनन्। दोश्रो विश्वयुद्धको प्रायोजक र अरबौ धन सम्पत्ति र लाखौ मानवीय हत्यार हताहतको जिम्मेवार पनि हिटलर माथि नै लगाएको हुन सक्दछ।

आफूले भनेकैम्फेका अध्ययनले हिटलरलाई एउटा देश भक्त एउटा गरीब जुत्ता सिउने तल्लो वर्गबाट उठेर विश्व थर्काउने एउटा सक्षम व्यक्तिको रुपमा बुझेको छु। हिटलरलाई हिनाम गर्नु भन्दा उसको मौलिक अवस्थालाई बुझ्नु पर्छ। एउटा चोरलार्य चोर बनाउँनु पर्ने परिस्थितिलाई राम्ररी बुझेर घटनासंग तुलना गरेर हेरिनु बेस हुन्छ। तर अर्काको कुरा नगरौ। दुनियाको प्रत्येक व्यक्तिले आफ्नो विषयमा स्वतन्त्र रुपमा बुझ्न पाउँछ। अरु जे सुकै सोचुन।

आफूले हिटलरलाई उनको आँट र साहसको सम्मान गर्दछु। मेरो पिडित देश नेपालको इज्जत र सम्मानलाई सगौरव संरक्षणको लागि हिटलरको तागतको आवश्यकता परेको छ। नेपालको खुम्चिएको मुहारलाई तन्काउँन उजागार गर्न एउटा साहसी र बहादुर कालिगडको आवश्यकता भै सकेको छ। यस्तो कालिगढ जसमा आँट र साहसले देशको तत्कालिन संरक्षण मात्र गर्ने हाइन कि एउटा सम्मानित, सुरक्षित स्वतन्त्र सार्वभौम सत्ता सम्पन्न सुदृढ मुलुकको रुपमा संगाल्ने मान्छेको रुपमा हिटलर झै सक्षम बनोस्।

२०६८/०४/०८

दोश्रो विश्व युद्धको दुइटा युद्ध सर्दारहरु हिटलर र मुसोलिलीको मूर्ति राखिएको। आफूले हिटलरको नजिक पट्टी बसेर हिटलरको साथमा फोटो खिचेर सम्मान जनाए। प्रतिकात्मक रुपमा तानाशाहहरुको सम्मान गरेर मेरो देशमा पनि देश भक्त र समाज सुधारक व्यक्तिहरुले देशमा शासन गर्नु पर्छ न्ने चाहना हो। देशलाई र जनतालाई वर्वाद पार्ने र छिमेकी थिचाह मिचाहहरुको अन्याय पूर्ण व्यवहारलाई शिर निहुराएर सहेर बस्ने लाछी व्यक्तिको शासकिय कमजोरीलाई दुतकार्ने प्रयास पनि हो। कमजोर, लोभी या पक्षपाती शासहहरु मुलक या कुनै पनि संस्थाको नेतृत्व गर्न सक्दैन। गरेमा पनि राम्रो हुदैन। आज पनि कान्छाले विहानको काम सकेर आएपछि मात्र यात्रा शुरु भयो। एक बजे मात्र यात्रा शुरु भयो। विहानै उमाजी र असिम गएर बजारबाट तरकारी सरकारी किनेर ल्याए। नुहाउने कामले आफूलाई खुव आनन्दित बनायो।

एक बजे सोझै ब्रिटिस म्युजियमको यात्रा गरायो। म्यूजियम भित्र सोझै प्रवेश। प्रवेशद्धारमा नै इराक माथिको आक्रमणले अरबौं रुपैयाको पुरातात्विक सामानहरुको विनासको व्याख्या लिपिबद्ध गरोको रहेछ। सामानहरुको विभाखको साथ ऐतिहासिक विकासको महत्वपूर्ण वस्तुहरु चोरी लुटपाट समेतको नोक्सानी र गायव सम्भताको सिर्जनाहर पनि गायव। भेसोमोटोपिया, भइन्जोदडो र हरपहरुको पुराना ढुंगा र शिलालेखहरुले यत्रो ठूलो म्युजियम भरिएको। अमेरिका र बेलायततिरका खासै कुनै ऐतिहासिक घराइरहको विवरण नपाइने। इराक, इरान र अफगानिस्थान तिरका ढुगाका मूर्ति, हात हतियारको मात्र संकलनले यत्रो ठूलो म्युजियम चलेको अवश्य होइन होला तर एशियन सामान मात्र छन्। खासै नेपालसंग सन्दर्भका विषयहरु छैनन।

एउटा शीरपेज सोह्रौ शताब्दीको शीरपेच राखेको रहेछ। शीरपेचमा सबै खाले स्टीनहरु जडिछ हिरामोति पन्ना, सफाइरको नाम त छन्। आफूलाई के के यियूहरु हुन पत्तो पाइएन। गेटैमा एउटा किताबमा गौतम बुद्ध भारतमा जन्मेको भनेर लेखिएको विषय असिम बाबुले देखाए। झोक पनि चल्यो। तर लेखकले श्रोत अकै किताब सन्दर्भमा लिउको रहेछ। लेखक पनि कुइरे नै भएकोले नाम पनि टिपिएन। कति लेखकहरुको प्रतिरोध गर्ने। भारतीयहरुले बोधिसत्व, कुमारी सरस्वती र मंजुश्रीलाई समेत भारतको पूर्वी भागबाट संकलन गरी ल्याएको लेखिएको पाउँदा यी लेखक र संकलन कर्तालाई भारतको पूर्वि क्षेत्र के लाई भन्छन् ? कता पर्छ भनेर सोध्नु हुन्थ्यो। तर के गर्नु त्यति ठूलो विद्रोही भनेर प्रस्तर र धातुका ढलोटलाई फुटाउँन सकिएन। सिसा भित्र राखेको लेख र विवरणमा सत्य कुरा लैख्न सकिएन। आफ्नो रिस आफैसंग राखियो। दिन भरी ब्रिटिस म्युजियम घुमेर रिस र आक्रोश भन्द केही संकलन गर्न सकिएन। रिसले ज्ञान बुद्धि र धैर्यतालाई पनि खलबल्याउँछ।

यो ब्रिटिस म्युजियममा लास लास बोक्ने वाकस र छिन्न भिन्न पारिएका लासहरु, सिद्रा झै सुकेका मानिसका शरीर प्रदर्शनमा राखेर यो ब्रिटिस साम्राज्यवादीहरुले आफैलाई हिनम र बदनामको पात्र बनाएका छन्। इराकमाथिको युद्धमा ब्रिटिस पनि एक सकृय सहभागी भएकोले यसको हानी नोक्सानीको कारक प्राणी यिनै कुइरेहरु हुन।

मामु र ममी (लास) लाई संगै राखेर फोटो खिच्नमा कान्छो रमाइ रहेको थियो। यस्ता ऐतिहासिक र पुरातात्विक वस्तुहर हेर्न र बुझ्नलाई मात्र आवश्इक हुन। यिनबाट अनुसन्धान गरेर तत्कालिन समयको वस्तु स्थिति बुझ्न राम्रै होला। तत्काल गर्न र योजना तर्जुमामा खासै सहयोगि बन्न सक्दैन। यहाँका ठूला ठूला सपिङ्ग सेन्टरहरु पनि हेर्न लायकको स्थानहरुमा पर्छन। क्यानेरी ह्वार्फ, ओटु सपिङ्ग सेन्टरहरुमा घुम्ने काम भयो। ठूला पसलहरु। हाम्रो काठमाण्डूको विशाल बजार त साह्रै साना पसलहरुका रुपमा दर्ज हुन्छन्। सुग्घर सफाइको विषयमा त हाम्रो दक्षिण एशियाले छेउ पनि भेट्दैन। ओटु सपिङ्ग सेन्टरमा गतिलै झगडा भएको थियो। बाटो नै उपरुद्ध गरेर एउटा झगडालु व्यक्तिले ठूलै तहल्का मचायो। सयौ सुरक्षाकर्मी परिचालन



गरेर पकेर लडाएको थियो। लामै समय सम्म पाँच सात जनाले लडाएर थिचिए राखेको थियो। हामी संग सन्दर्भ नभएक्ने विषयमा लागिरहन आवश्यक परेन। सुरक्षाकर्मीले हामी निस्कने बाटो देखाइ दिए। हाम्रा पाइलाले आधा बाटो तय गरे। यो सपिङ्ग सेन्टर लेखकीय विषय हुन सक्दैनन्। उहीलेको कथा जस्तै भङेरा आउथे, भकारीको धान खान्थे। भुर्र उडेर जान्थे यही कम्र पसलहरुको वणनमा पनि अन्सहिन लेख बनन सक्दछ। पसलमा सजाएर सामान राखेको रहेछ। सामान किन्ने मानिस आएनन्। दिनभरमा सामान विकी भएता यस्तै यस्तै यी विकास मुलुकका विकासले पनि यात्रुलाई खुःख नै पुऱ्याउँदो रहेछ। काठमाण्डौमा भने रत्नपार्क बस पार्कमा गयो। लगनखेल देखि जितपुर फेदि सम्म एउटै गाडी। खुला ठाउँ, सोध खोजमा पनि सहज हुने। यस ठाउँमा भने लण्डन शहर घुम्न नै दर्जनौ ट्रेनको व्यवस्था छ। अण्डर ग्राउण्ड देखि ओभर ग्राउण्ड खुला र डिएल आर देखि के के हो के के ? सोध्न खोज्न पनि गाह्रो। पहिला कुरा त बेलायतमा चल्ने एउटै मात्र भाष अंग्रेजी छ। यहाँ हालमा धेरै देशको हजारौ भाषा बोलिन्छ। कुइरे भन्दैमा सबैले अंग्रेजी पनि बुझ्दा रहेनछन्। बुझ्नेले पनि नबोल्ने। बोल्ने पनि सोधेको कुरा नबताउने। सायद, बताउनेले पनि सही नबताउने पनि हुन सक्छ। यसैले हामी कैले काही आउनेलाई बेलायतमा गाइड विना घुम्न फिर्न मुस्किल हुँदो रहेछ।

यहाँ खाईखान्कीको प्रवृत्ति फिजको संरक्षणमा राखेको वस्तु खाने प्रवृत्ति छ। कुनै पनि खाद्य वस्तु वारीबाट सोझै उपभोक्ता सम्म पुग्दैन।

२०६८/०४/०९

लण्डनको दैनिकी हामीलाई भने घुम्नु सम्म मात्र छ। विहानै उठयो दालभातको व्यवस्था गऱ्यो। घुम्न चलि हाल्यो। छोरी काममा जानु नपरेकोले दशै बजे तिर घुम्न यात्रा शुरु भयो। सिधै वाटर लु। वाटर लुबाट थेमस नदीको टावर व्रिज पार गरेर "लण्डन आइ" तर्फ तानियो। लण्डन आइ भन्दा पहिला सिलाइयु हेर्ने सहमति बन्यो। सिलाइफ बम्बैको एक्यारियम जस्तै जस्तै रहेछ। अलिक फरक पातले बनाएको प्रकतिसंग मिल्ने ढाँचाकाचामा दाल्न खोजिएको। प्रशंसा माछा सार्क क्षेत्रलाई विशेष सजाइएको छ। तीनवटा तलाबाट देख्न सकिने। भूयतलामा भने चारवटा ढोकाबाट देख्न सकिदो रहेछ। यसैले माथिल्लो तलाबाट हेन क्जबचप बा पभनेर छुट्टै लेन गल्ली बनाएको रहेट। तर ऐनाबाट तलपत्तिमा माछा देखाइएकोले ऐनाबाट पार गर्न डर लग्दो रहेछ। साडड तिर काठको फलेक राखेर बाटो बनाएको रहेछ। फलेकको बाटो हिडियो ? तर मान्छेको मनो विज्ञान कमजोर। त्यत्रो कम्पनीले बनाएको ऐनाको बाटो कमजोर पक्कै पनि थिएन। तर पापी मन डरायो।

अरु त कछुवा पौडी खेलेको निकै रमाइलो लाग्यो। जलथल दुवैमा रौचन र बस्न सक्ने कछुवा पानीमा पौडी खेलेको रमाइलो लाग्यो। अर्को के माछा हो। हात्तीको कान जतिकै पातलो र नाङ्गलो जत्रै ठूलो। यात्रुहरुले खाना दिइदा मुख पाउँदै आउदो रहेछ। यो प्रकारको माछा भने हाल सम्म देखिएको थिएन। यार्क्सा गुम्बा जस्ता टुसाहरु प्रशस्त देखिएका थिए। मार्क्सा गुम्बा नै त थिएनन् होला। च्याउ जस्ता झ्याउबाट प्राणीको चलखेल गरेको धेरै ठाउँमा देखियो। एक ठाउँमा त लसुनका टुसा जस्तै माटा माथि हल्लि रहेका। साना सर्पका बच्चा जस्ता आँखाका आकार पनि भएका प्राणी विस्तारै माटामुनी छिरे। वास्तवमा के हो भनी कौतुहल हुन स्वभाविक पनि हो। सर्प फार्सिङ्गको तरिका नै रहेछ। दक्षिण पूर्वी एशियाका थाइलैण्ड, भियतनाम जस्ता देशहरुमा यी प्राणीहरुको माग बढी हुन्छ रे। कुनै कोठाभने हिउँ जस्तै चिसो बनाएर राखिएका हिउँ नै हिउँ भएका कोठाहरु पनि रहेछन्। यस ठाउँमा झण्डै एक घण्टा नै विताइयो। आकर्षक मनमोहक ठाउँ चाहि होइन। केटाकेटीलाई रमाइलो बनाइने ठाउँ चाहि हो। यसमा पनि लगानी मात्र न हो।

*क्रमशः*

## भारतीय...

स्मरणीय छ, सिक्किम विधानसभाले १४ अप्रिल १९७५ मा जनमतसंग्रह गर्ने निर्णय गऱ्यो। अंग्रेजी, नेपाली र तिब्बती भाषामा मतपत्र छापेर सारा सिक्किममा एउटा रातो रंगको बाकस र अर्को सेतो रंगको बाकस प्रत्येक मतदान केन्द्रमा राखेर भारतीय रिजर्ब पुलिसको निगरानीमा जनमतसंग्रह भयो। प्रचारको क्रममा सिक्किम कांग्रेसका प्रचारकहरुले राजाको शासन चाहनेले सेतो बाकसमा र प्रजातन्त्र चाहनेले अर्थात् लेण्डुप दोर्जीको शासन चाहनेले रातो बाकसमा मत खसाउनुपर्छ भनेर व्यापक प्रचार गरे। प्रजातन्त्रका लागि काजीको सरकार कायम गरेका जनताले रातो बाकसमा नै मत खसाले। सिक्किमलाई भारतमा विलय गर्नेले रातो बाकसमा र सिक्किमलाई स्वतन्त्र देश राख्न चाहनेले सेतो बाकसमा मत खसाल्नु भनेर सत्य कुरा जनतालाई बताइदिएको भए नतिजा अर्कै हुन सक्थ्यो तर परिणाम उल्टो भयो। भारत विलय गर्ने पक्षमा बहुमत देखियो। जनमन विलयको पक्षमा बहुमत देखिएकाले लेण्डुप दोर्जीको मन्त्रिमण्डल जनमतसंग्रहको निर्णयअनुसार सिक्किमलाई भारतको अभिन्न अंग बनाइयोस् भन्दै दिल्ली गयो। मन्त्रिमण्डलका सदस्यहरुले प्रधानमन्त्री इन्दिरा गान्धी र गृहमन्त्री वाईवी चौहानसित भेटेर १७ अप्रिल १९७५ मा सिक्किमको प्रतिनिधिमण्डल गान्तोक फर्कियो। २१ अप्रिल १९७५ मा गृहमन्त्रीले भारतीय संविधान संशोधन विधेयक सदनमा पेस गरे। २३ अप्रिल १९७५ मा लोकसभाले र २६ अप्रिल १९७५ मा राज्यसभाले सो संविधान संशोधन विधेयक पारित गऱ्यो। संवैधानिक प्रावधानअनुसार कुनै पनि संविधान संशोधन विधेयकलाई कम्तीमा पचास प्रतिशत राज्य विधानसभाले अनुमोदन गर्नु अनिवार्य हुन्छ। त्यो भएकाले सो विधेयक विभिन्न राज्यका विधानसभामा अनुमोदनार्थ पठाएर १३ वटा राज्यले अनुमोदन गरेपछि १६ मई १९७५ मा भारतका राष्ट्रपतिले हस्ताक्षर गरे। त्यसपछि सिक्किम भारतको २२ औं राज्य भयो।

सिक्किम विजयको प्रसंग उठाउँदै नरबहादुर खतिवडा भन्नुहुन्छ- हामी सिक्किम विलयको पक्षमा थिएनौं। तर सुनियोजित रुपमा विलयको नाटक रचियो। यसमा हामी पनि दोषी छौं। किनकि हामी भारतका वरिष्ठ नेताहरुको बहकाउ र उक्साहटमा अलमलियौं। यस्तै घटना नेपालमा पनि भइरहेको छ। नेपालका नेताहरु पनि भारतीय राजदूतदेखि लिएर भारतका विभिन्न दलका नेताहरुले बजाएको राजनीतिक डम्फुको तालमा नाचिरहेका छन्। स्वतन्त्र रुपमा नेपालका नेताहरुले चिन्तन र मनन गरेको मैले पाइन। यसरी भारतीय डम्फुको तालमा नेपाली नेताहरु नाच्दै जाने हो भने सिक्किमको नियति नेपालले पनि भोग्नु नपर्ला भन्न सकिन्न।

## विप्लवलाई...

ओलीलगायतका केन्द्रीय नेताहरुलाई गिरफ्तार गरेपछि नेकपाले विरोधमा नेपालबन्द समेत गराइसकेको छ। नेकपाका महासचिव विप्लवलाई नै अदालतले पक्राउ पुर्जी काटेपछि कार्यकर्ताहरु आक्रोसित बनेका छन्। कपिलवस्तु शिवराज नगरपालिकामा बसोबास गर्ने विप्लवका दाजुका घरमा पक्राउ पुर्जी टाँस गरिएको छ। नेकपाका नेता तथा कार्यकर्तामाथि भइरहेको दमनको विरोध गर्दै देशव्यापी रुपमा प्रधानमन्त्री केपी ओलीको पुत्ला दहन कार्यक्रमहरु सम्पन्न भएका छन्। लोकतन्त्रमा इतर विचार राख्न पाइने अधिकारमाथि सरकारले हस्तक्षेप गरेर फासिस्ट शैली अपनाएको नेकपाको बुझाइ छ।